# नेपालमा कटवाल सञ्चार विधिको प्रयोग : डोटी जिल्लाको एक अध्ययन

पूर्वाञ्चल विश्वविद्यालयको स्नातकोत्तर तह आमसञ्चार तथा पत्रकारिता विषयको

चौथो सत्रको परिपूर्तिका लागि पेश गरिएको

शोधपत्र


शोधकर्ता

गौतम बहादुर रोकाया

रोल नं. १४०१६२

रजिष्ट्रेशन नं.-१२२-१-३-०००७८-२०१७



पोलिगन कलेज, काठमाडौं

साउन २०८०

## सिफारिस पत्र

पूर्वाञ्चल विश्वविद्यालय कला संकाय अन्तर्गत, आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर चौथो सत्र परिपूर्तिको लागि शोधार्थी छात्र गौतम बहादुर रोकायाले मेरो निर्देशनमा रही "नेपालमा कटवाल सञ्चार विधिको प्रयोग : डोटी जिल्लाको एक अध्ययन" शीर्षकमा जिल्ला डोटी, पूर्वीचौकी गा.पा.को वडा नं. १ देखि ७ र दिपायल सिलगढी न.पा. वडा नं. १ देखि ९ मा आधारित शोध कार्य गर्नु भएको जानकारी गराउँदै मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिदिनुहुन सिफारिससाथ अनुरोध गरिन्छ ।

......................

हर्षमान महर्जन

शोध निर्देशक

# स्वीकृति पत्र

पूर्वाञ्चल विश्वविद्यालय कला संकाय अन्तरगत, आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर चौथो सत्र परिपूर्तिको निमित्त शोधार्थी छात्र गौतम बहादुर रोकायाले यस विभागमा प्रस्तुत गर्नुभएको “नेपालमा कटवाल सञ्चार विधिको प्रयोग : डोटी जिल्लाको एक अध्ययन” शीर्षकमा डोटी जिल्ला पूर्वीचौकी गा.पा.को १ देखि ७ र दि.सि.न.पा. वडा नं. १ देखि ९ मा आधारित भई तयार पारिएको शोधपत्र मूल्याङ्कन समितिबाट योग्य ठहऱ्याइएकोले स्वीकृति प्रदान गरिएको छ।

मूल्याङ्कन समिति

...........................

( हर्षमान महर्जन )

शोध निर्देशक

...........................

यम बहादुर दुरा

बाह्य परीक्षक

.............................

(..................... )

विभागीय प्रमुख

मिति :-

# मौखिक परीक्षा पत्र

# सम्प्रतिज्ञा

पूर्वाञ्चल विश्वविद्यालय कला संकाय अन्तरगत, आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर चौथो सत्र परिपूर्तिका लागि तयार पारिएको यो शोधपत्र "नेपालमा कटवाल सञ्चार विधिको प्रयोग : डोटी जिल्लाको एक अध्ययन" विषयमा आदरणीय गुरु हर्षमान महर्जनको सुपरिवेक्षणमा तयार भएको हो । यस शोध अनुसन्धानमा प्रयोग भएको "कटवाल" शब्द सञ्चार विधिसँग मात्र सम्वन्धित छ । यस शोध पत्रमा प्रयोग भएका प्राथमिक सामग्रीहरू कहीँ कतैबाट साभार गरिएका छैनन् । द्वितीय स्रोतका सामग्रीलाई सन्दर्भ उल्लेख गरी उपयोग गरिएको छ । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । अतः यो अनुसन्धान मेरो आफ्नो मौलिक अध्ययन भएको प्रतिबद्धता व्यक्त गर्दछु र कतैबाट साभार गरिएको वा चोरेको ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला ।

...............................

गौतम बहादुर रोकाया

रोल नं. १४०१६२

रजिष्ट्रेशन नं.-१२२-१-३-०००७८-२०१७

पोलिगन कलेज, बबरमहल, काठमाडौँ ।

मितिः २०७९/१२/१५

## कृतज्ञता

पूर्वाञ्चल विश्वविद्यालय कला संकाय अन्तर्गत, आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर चौथो सत्र परिपूर्तिका लागि यो अनुसन्धान गरिएको हो । आफ्नो व्यस्त समयको बाबजुद यस अनुसन्धान कार्यलाई सहजता प्रदान गर्न र शोधपत्रलाई मूर्त रुप दिन आवश्यक राय, सल्लाह, निर्देशन एवम् प्रोत्साहनसहित रचनात्मक टिप्पणी गरी सहयोग गर्नुहुने आदारणीय गुरु एवम् शोध निर्देशक हर्षमान महर्जनप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यो शोधपत्र अनुसन्धानको क्रममा विभिन्न सल्लाह, सुझावसहित थप परिष्कृत गर्न उत्प्रेरित गर्दै शोधपत्रलाई प्रभावकारी बनाउँन सहयोग गर्नुहुने पोलिगन कलेज बबरमहलका प्रमुख अबिरल थापा लगायत आमसञ्चार तथा पत्रकारिता केन्द्रिय विभागका गुरुहरुप्रति आभारी छु ।

हाल अमेरिकामा रहेर पनि मलाई निरन्तर अनुसन्धान कार्यमा लाग्न प्रेरित गर्नुहुने अग्रज पत्रकार शंकर थापा लगायत अनुसन्धानलाई निर्धारित समयमा पूरा गर्न प्रेरित गर्ने साथी राजाराम पौडेल, बिम्ब साप्ताहिकका सम्पादक रामहरी ओझा, नेपालपथ दैनिकका सम्पादक धिरेन्द्र चटौतप्रति म आभारी छु ।

शोधपत्र तयार पार्न तथ्याङ्क संकलन कार्यमा मलाई सहयोग गर्नुहुने अध्ययन क्षेत्रका स्थानीय बुद्धिजीवि अंक बहादुर खडका, कटवाले दुलै नेपाली, काले दमाई, तत्कालिन मुखिया दीर्घ सिं खडका, स्थानीय नन्दकुमार आले र प्रत्यक्ष अन्तर्वार्तामा सहभागी हुनु भई सहयोग गर्नुहुने विभिन्न स्थानीय व्यक्तिहरु र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सवैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस अनुसन्धान कार्यलाई सफल पार्न हौसला प्रदान गर्ने, सुझावहरु दिने र प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा समर्थन गर्ने सम्पूर्णप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

गौतम बहादुर रोकाया

शोधकर्ता

## अनुसन्धान सार

शदियौँदेखि परम्परागत सञ्चार विधिहरु नेपाली समाजमा प्रयोगमा छन् र उपयोगी पनि छन् तर यस्ता सञ्चार विधिहरुको बारेमा खोज गरी सञ्चार क्षेत्रको दायरा फराकिलो पार्ने कार्य भएको पाइँदैन । यस्ता सञ्चार विधिहरु बहुमुल्य सामाजिक सम्पत्ति भएपनि परम्परागत मान्यता, प्रथा आदि दृष्टिकोणबाट ओझेलमा परेका छन् । नेपाली समाजमा कायम ध्वनीमा आधारित परम्परागत विभिन्न सञ्चार विधिहरुमध्ये कटवाल सञ्चार विधिलाई विगतमा सरकारी सञ्चार माध्यम सरह मान्यता दिइएकाले नेपाली समाजमा यसको सामाजिक, ऐतिहासिक र प्रशासनिक महत्व छ ।

यस अध्ययनमा कटवाल सञ्चार विधि प्रयोगको विगत र वर्तमान अवस्था आदिका बारेमा खोजी गर्ने प्रयास गरिएको छ । यसका लागि कटवाल सञ्चार विधिका बारेमा जानकार व्यक्तिहरु, कटुवाल, पत्रकार आदि गरी १५ जनासँग अन्तर्वार्ता लिई तथ्याङ्क संकलन गरिएको छ । यस क्रममा पर्व, उत्सव निमन्त्रणा, मृत्यु-मलामी, धार्मिक कार्यहरु, समाजिक कार्यमा, सरकारी काम, विपद् तथा महामारी सम्वन्धी सूचनाहरुको जानकारी दिन यो सञ्चार विधिले महत्वपूर्ण भूमिका खेलेको पाइएको छ ।

कटवालको परम्परागत शैलीमा परिवर्तन आएको छ । वर्तमानमा कटवालले सूचना सम्प्रेषण गर्दा हाते माइक तथा आधुनिक ध्वनीवर्धक यन्त्रहरुको समेत प्रयोग गरेको पाईन्छ । साथै विभिन्न धुनहरु मिसाई सन्देशहरुलाई श्रुतिमधुर बनाई आधुनिक ध्वनीवर्धक यन्त्रमार्फत बजाउने परिपाटीको पनि विकास भएको छ । यसलाई कटुवालको परम्परागत शैलीमा रुपान्तरण भएको मान्न सकिन्छ ।

वर्तमान समयमा आधुनिक सञ्चार माध्यमको बढ्दो प्रयोगले परम्परागत सञ्चार विधिहरु ओझेलमा परेका भएपनि बहुभाषा र संस्कृतिको धनी हाम्रो समाजमा एउटै भाषाको प्रयोग गरी सूचना प्रसारण गर्दा प्रभावकारी नहुने भएकाले आवश्यकता अनुसार आधुनिक र परम्परागत दुवै सञ्चार विधिहरुको समयानुसार प्रयोग हुँदा सूचना सबैको पहुँचमा हुने देखिन्छ ।

# विषय सूची

मुख पृष्ठ........................................................................................१

सिफारिस पत्र ........................................................................................ 2

स्वीकृति पत्र ........................................................................................ 3

मौखिक परीक्षा पत्र ........................................................................................ 4

सम्प्रतिज्ञा ........................................................................................ 5

कृतज्ञता ........................................................................................ 6

अनुसन्धान सार ........................................................................................ 7

विषय सूची ........................................................................................ 8

तालिका सूची........................................................................................12

चित्र सूची........................................................................................13

शब्दावली........................................................................................14

अध्याय - एक........................................................................................16

१. परिचय ........................................................................................16

१.१ पृष्ठभूमि........................................................................................16

१.२ समस्या कथन........................................................................................19

१.३ अनुसन्धानको औचित्य........................................................................................21

१.४ अनुसन्धानको उद्देश्य........................................................................................22

१.५ अनुसन्धानको सान्दर्भिकता ....................................................23

१.६ अनुसन्धानको साङ्गठनिक संरचना ................................................24

१.७ अनुसन्धानको सीमा ....................................................25

अध्याय-दुई ....................................................26

२. साहित्यको पुनरावलोकन ....................................................26

२.१. पूर्वकार्यको समीक्षा ....................................................26

२.२. सम्वन्धित सन्दर्भ सामग्रीको पुनरावलोकन ....................................................27

अध्याय - तीन ....................................................34

३ अनुसन्धान विधि र ढाँचा ....................................................34

३.१. अनुसन्धान विधि ....................................................34

३.१.१ अन्तर्वार्ता विधि ....................................................34

३.१.१.१ नमुना छनोट ....................................................35

३.१.२ अवलोकन विधि ....................................................36

३.३ तथ्याङ्कको स्रोत ....................................................37

क) प्राथमिक स्रोत ....................................................37

ख) द्वितीय स्रोत ....................................................37

३.४ अनुसन्धान ढाँचा ....................................................38

३.५ अन्तर्वार्ता सूची ....................................................39

अध्याय - चार ....................................................42

तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण ......................................................42
४ अध्ययन क्षेत्रको परिचय तथा कटवाल सञ्चार विधिको अवस्था..................................42
४.१. डोटी जिल्लाको सामान्य परिचय ...................................................42
४.१.१. पूर्वीचौकी गाउँपालिकाको परिचय.................................................43
४.१.२. दिपायल सिलगढी नगरपालिकाको परिचय .........................................44
४.२. २०४७ साल पूर्व डोटी जिल्लामा कटवाल सञ्चार विधि प्रयोगको अवस्था ................45
४.३. २०४७ साल पछि डोटी जिल्लामा कटवाल सञ्चार विधि प्रयोगको अवस्था................48
४.४ कटवाल सञ्चार विधिको प्रयोग ......................................................60
४.५ डोटीमा विगत र वर्तमानमा कटवाल सञ्चार विधिको प्रयोग...............................61
४.५.१ विगतमा कटवाल सञ्चार विधिको प्रयोग ..............................................61
४.५.२ वर्तमानमा कटवाल सञ्चार विधिको प्रयोग ...........................................67
अध्याय - पाँच.........................................................................80
५ निष्कर्ष तथा सुझावहरु...............................................................80
५.१ निष्कर्ष ..........................................................................80
५.२ सुझाव ...........................................................................82
सन्दर्भ सामाग्री .....................................................................84
अनुसूची-१ ...........................................................................88
अन्तर्वार्तामा सहभागी गरिएका व्यक्तिहरुको सूची ..........................................88
अनुसूची-२ ...........................................................................90

‘सर्वेक्षण प्रश्नावली’ ........................................................................90

अनुसूची-३ ........................................................................93

अध्ययन क्षेत्रको नक्सा ........................................................................93

# तालिका सूची

तालिका १ नमुना सङ्कलन ढाँचा ....................................................................................घट

तालिका २ अन्तर्वार्ता सूची .........................................................................................द्धण

तालिका ३  अध्ययन क्षेत्रमा २०४७ साल पूर्व कटवाल सञ्चार विधि प्रयोगको अवस्था................द्धट

तालिका ४ २०४७ सालपछि डोटी जिल्लामा कटवाल सञ्चार विधि प्रयोगको अवस्था.................छठ

# चित्र सूची

चित्र १  राणा शासनको आकार ........................................................................ टद्द

चित्र २  दिपायल सिलगढी नगरपालिकाको नक्सा..................................................... ढघ

चित्र  ३  पूर्वीचौकी गाउँपालिकाको नक्सा ............................................................. ढघ

## शब्दावली

घोक्ने : कुनै विषय वस्तुलाई कण्ठस्थ पार्ने काम ।

डोडी : सूचना दिनु पूर्व बजाइने एक प्रकारको बाजा ।

भाट : प्राचिन समयमा राजाहरुले सहयोगीका रुपमा राख्ने व्यक्ति ।

थुम : पहाडको सवैभन्दा माथिल्लो भाग ।

कोट : पहाडको चुचुरो (राजाहरु-को किल्ला रहेको ठाउँ) ।

हाको : उच्च स्वरमा कराउनु ।

खान्की : कुनै काम गरेवापत निश्चित समयमा पाउने जमिनको उठ्ती ।

भोज पत्र : एक प्रकारको वनस्पतिको पात ।

चानचुने : सानोतिनो ।

अनाज : धान, गहुँ, कोदो, फापर आदि खाद्यान्न ।

कटवाले पाथी : कटवालले खबर गरेवापत पाउने पारिश्रमिक ।

डाँको : आवाज ।

सभाचोक : गाउँघरमा कुनै विषयमा छलफल गर्दा जम्मा हुने ठाउँ ।

कुलोकुलेसो : खेतबारीमा पानी लगाउन वनाईएको कुलो ।

श्रुतिमधुर : सुन्दा आनन्द दिने खालको ।

सुप्पो : अन्दाजी ५ के.जी. बराबरको नाप भएको अनाज जोख्ने परम्परागत एकाइ ।

पुजवातो : पूजा सामाग्री ।

दुर्ग : सुरक्षाका लागि तयार गरिएको सैनिक किल्ला ।

काचो : देवी देउताको पूजा गर्दा उठाइने चन्दा ।

हल्सारा : हरेक याममा पहिलो पटक गोरु जोत्नु पूर्व गरिने कार्य ।

देलीवालो : नयाँ बालीलाई घरको दैलोमाथि टाँस्ने चलन ।

न्वागी : नयाँ अन्नबाली पाकेपछि पहिलो पटक खान वनाइएको परिकार ।

बारना : कुनै वस्तु प्रयोगमा नल्याउनु ।

कुलो खोली : सामाजिक कार्य ।

# अध्याय - एक

## १. परिचय

### १.१ पृष्ठभूमि

सामुदायिक सञ्चारमा परम्परागत सञ्चार विधिभन्दा आधुनिक सञ्चार माध्यमहरुको प्रयोग बढ्दै गइरहेको भएपनि मानव समाज तिनै सञ्चार विधिहरूबाट सुसूचित हुँदै र विकास हुँदै आएको छ। आदिम कालमा जव मानिसहरु सानो-सानो समूहमा एउटा परिबारका रुपमा बस्थे तब विभिन्न सूचनाहरु सञ्चार गर्न ध्वनीको प्रयोग गर्ने गर्थे (सरदाना र मेहता, २००९) । नारुला (२००६) का अनुसार आदिमकाल देखि नै मानव लगायत अनेक जीवजन्तुहरुले आ-आफ्नै तरिकाले शाब्दिक वा गैर-शाब्दिक रुपमा सन्देशहरु पठाउँने र पाउँने गरे। ५०० मिलियन वर्ष पहिलेको समयमा मानव समुदायमा रेखाचित्र, ध्वनी र इशारा मार्फत सञ्चार गर्ने गरिन्थ्यो (कास्यप, २०२१)। मानव जातिको सञ्चारको पहिलो साधन आवाज वा बोलाउने प्रणाली थियो र त्यस्तो साधनहरु विशेष परिस्थिति जस्तैः खाना पाएमा, खतरा महशुस भएमा तथा जङ्गलमा आफू हराएको सूचना दिन प्रयोग गरिन्थ्यो (म्याकलुहन, १९६४)।

विश्वका प्रत्येक देशमा आ-आफ्नै तरिकाका परम्परागत सञ्चार विधिहरु प्रयोगमा रहेका थिए। त्यस्ता परम्परागत तथा लोक सञ्चार विधिहरुले शदियौंदेखि सामाजिक रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्। फ्राङ्क (१९८२) का अनुसार सन् १९७० को दशकमा ग्रिक लगायत अफ्रिकामा प्रयोगमा रहेका कैयौँ परम्परागत सञ्चार विधिहरुमध्ये ध्वनी मार्फत (उच्च आवाजमा) खबर गर्ने विधि प्रयोगमा थियो। त्यहाँ यस्ता सञ्चार विधिहरु प्रयोग गरी समाजलाई जागरुक बनाउने काम गर्ने गरेको विभिन्न पुस्तकहरुमा उल्लेख गरेको पाईन्छ। उच्च आवाजद्वारा सञ्चार

गर्ने विधिलाई विभिन्न मुलुकहरुमा फरक-फरक नामले जानिन्छ । जस्तै : पश्चिमा मुलुकहरुमा एनाउनीसङ्ग, भारत (नायडा)मा मुनादी तथा पाकिस्तानमा भाट, नेपालमा कटवाल/कटुवाल/कटवाले ।

३५ हजार बर्ष पहिले गुफावासीहरुले बोलीका माध्यमबाट सञ्चार गरेका थिए (खनाल, २०६१) । अनुसार पश्चिमा मुलुकमा कराएर खबर दिने परम्परा ईसापूर्व ४०० मा ग्रिकबाट सुरु भएको हो । राजधानी एथेन्समा स्थानीय घटनालाई जानकारी दिने उद्देश्यले ढोल बजाउँदै कराएर (Autolycus) सञ्चारको कार्य गरेका थिए (आहुजा, १९८८) । नेपालमा औपचारिक रुपमा कटवाल सञ्चार विधि लिच्छवी कालदेखि चल्दै आएको मानिन्छ (आचार्य र लुईटेल, २०६९) ।

नेपाली समाजमा वैदिक काल (ई.पू. १५००) देखि अनौपचारिक रुपमा प्रयोगमा रहेका कैयौँ परम्परागत सञ्चार विधिहरु अझै पनि हाम्रो गाउँ समाजमा प्रयोगमा छन् । त्यस्ता सञ्चार विधिहरु बहुमूल्य सामाजिक सम्पत्तिका रूपमा रहेका छन् । ग्रामीण जनजीवनमा आम जनताको महत्वका सूचनाहरु सञ्चार गर्न आगोको उज्यालो प्रयोग गर्ने, मानिसलाई सन्देश दिई पठाउने, ढोलक बजाउने, झोकर वजाउने, शङ्ख फुक्ने लगायत गीत गाउँने, कराउँने, कथा-कविताहरु वाचन गर्ने, प्रवचन गर्ने, झण्डा हल्लाउने, घण्टी बजाउने आदि कार्य हाल पनि विभिन्न समुदायमा कुनै न कुनै रुपमा प्रयोगमा छन् ।

माथि उल्लिखित अधिकांश सञ्चार विधिहरु डोटी जिल्लाको ग्रामीण समुदायमा पनि प्रयोगमा छन् । त्यस्ता धेरैजसो सञ्चार विधिहरु ध्वनीमा आधारित छन् । साथै शिलालेख, ताम्रपत्र, पहाडी कागजमा लेख्ने, भोजपत्र (एक प्रकारको वनस्पतिको पात) मा लेखेर सूचना दिने प्रचलन पनि थिए तर भोजपत्रमा लेख्ने परम्परा भने हाल लोप भई सकेको छ ।

पाँडे, (२०७६) ले पृथ्वीनारायण शाहका पालादेखि खबर सुनाउँने व्यक्ति कटुवाल (कटवाले) लाई सरकारी कर्मचारी सरहको मान्यता दिइएको थियो भनी उल्लेख गरेका छन् । बज्राचार्य (१९८६)ले लेख्नु भएको कटवाल घोक्ने शीर्षकको लेखमा कास्कीका राजा जगदिश खान ठकुरीले कास्कीकै बेगनास गाउँको एक उच्च स्थानमा एक कोट खडा गरी कोटवाल दर्जा सिर्जना गरी त्यस पदमा योग्य व्यक्ति नियुक्त गरे; जसको काम खबर सुनाउनु हुन्थ्यो भनी उल्लेख गरिएको छ । नेपालमा कटवाल सञ्चार विधि अन्य देशहरुभन्दा ऐतिहासिक, प्रशासनिक र सास्कृतिक रुपमा फरक रहेको मान्न सकिन्छ । वास्तवमा कटवाल भनी एउटा व्यक्तिलाई सम्वोधन गरिए पनि यो कुनै व्यक्ति विशेष नभई सञ्चार शैली वा विधि हो । आधुनिक सञ्चार माध्यमको प्रयोग नभएको समयमा बाईसे चौविसे राज्यका राजा रजौटाहरुको पालामा कोतको रेखदेख गर्ने व्यक्तिले राजाहरुको खबरलाई भाइ भारदारहरु समक्ष पुऱ्याउने गरेको इतिहास भेटिन्छ । समयसँगै यसको शैलीमा परिवर्तन आएको पाइन्छ । गाउँ-गाउँमा रहेका प्रशासनिक मान्यता प्राप्त व्यक्तिले लाए अह्राएको सूचना समुदायमा पुऱ्याउने काम कटुवालले गर्नु पर्थ्यो ।

२०४७ साल पहिले कटवालेहरुले सूचना दिँदा अग्लो स्थानमा गाई पुरै गाउँका मानिसहरुले सुन्ने गरी  उच्च स्वरमा कराएर खबर सुनाउनु पर्थ्यो । कटवालले सूचना भन्नु पहिले सर्वसाधारणको ध्यानाकर्षण गर्न भोकर बजाउँने, कर्नाल फुक्ने, दमाहा बजाउँने गरिन्थ्यो तर त्यस्ता उपायहरुको प्रयोग हुन छाडेको छ । हाल सर्वसाधारणको ध्यानाकर्षण गर्न प्रयोग हुने परम्परागत बाजाको स्थानमा आधुनिक ध्वनीवर्धक यन्त्र, हाते माइकको आदिको प्रयोग बढ्दै गएको छ ।

नेपालमा सञ्चार क्षेत्रमा अभूतपूर्व विकास भएको छ । समाचार पत्रिकाहरु, टि.भी., रेडियोको साथै अनलाईन पत्रिका तथा सामाजिक सञ्जालको विकास भएसँगै प्रयोग पनि बढदै गएको छ । आधुनिक सञ्चार प्रविधिमा आएको व्यापक परिवर्तनले कटवाल सञ्चार शैली र प्रयोगमा पनि असर

पारेको छ । एकै ठाउँमा उभिएर उच्च स्वरमा कराएर सूचनाहरु भन्ने परम्परा परिवर्तन भई पहिले नै तयार गरिएका सन्देशहरु आधुनिक ध्वनीवर्धक यन्त्रद्वारा विभिन्न स्थानबाट बजाउने पनि गरेको पाइन्छ ।

सञ्चार माध्यमहरुमा अभूतपूर्व विकास भएपनि प्राचीन कालदेखि प्रयोगमा रहेको कटवाल सञ्चार विधि डोटी जिल्ला लगायत देशका विभिन्न ठाउँमा अझै प्रयोगमा छ । यसका बारेमा खोज तथा अनुसन्धान हुँदै भविष्यमा परम्परागत सञ्चार माध्यमहरुको खोजी गर्ने व्यक्तिलाई स्रोत मिल्नेछ । कटवाल सञ्चार विधि प्रयोगमा नरहे पनि यसले सञ्चार जगतमा खेलेको भूमिका तथा प्रयोगका बारेमा भावी पुस्तालाई थाहा हुनेछ ।

## १.२ समस्या कथन

पृथ्वीमा प्राणीको उत्पत्तिदेखि नै सूचना सञ्चारको विकास भएको मान्यता छ । सुरुमा शाब्दिक तथा गैर-शाब्दिक दुवै प्रकारबाट सूचनाको सञ्चार भएको मानिन्छ । शाब्दिक रुपमा आफ्नै आवाज र गैर-शाब्दिक रुपमा इसाराको प्रयोग भएको विभिन्न बैज्ञानिकहरुको मान्यता छ । यस अर्थमा उच्च स्वरमा कराएर (आवाज मार्फत) सूचना दिने चलन पनि प्राचीन र सुरुको सञ्चार शैली हो । नेपालको सन्दर्भमा पनि आवाज मार्फत सूचना सञ्चार गर्ने पद्धतिको विकास प्राचीन कालदेखि हुँदै आएको मान्न सकिन्छ । मानिसले आफ्नै आवाज मार्फत सूचना सञ्चार गर्ने विभिन्न विधिहरुका बारेमा औपचारिक रुपमा अध्ययन तथा अनुसन्धान भएको पाइँदैन ।

सञ्चार प्रविधिको विकासले २१औं शताब्दीलाई सूचनाको युग भनेर सम्वोधन गरिन्छ । सूचना सञ्चारमा आधुनिक माध्यमको महत्वपूर्ण भूमिका रहेकोले सूचना प्राप्तीमा निकै सहजता भएकोमा दुईमत छैन । प्राचीन समयदेखि समाजमा सूचना सञ्चारमा महत्वपूर्ण भूमिका खेलेका पुस्तौंदेखि प्रयोगमा रहेका सञ्चार विधिहरुका बारेमा अध्ययन तथा अनुसन्धान नहुँदा ओझेलमा परेका छन् ।

नेपालमा वि.सं १९४५ भन्दा पूर्व प्रयोगमा रहेका सञ्चार माध्यमहरुको अध्ययन अनुसन्धान ज्यादै न्यून देखिन्छ। यसले  सञ्चार क्षेत्रको अध्ययनको सिमिततालाई दर्शाउछ। वर्तमान समयमा नेपाली समाजमा प्रचलित पुराना सञ्चार विधिको अध्ययनलाई औपचारिक वा मूर्त रुप दिन निकै कठीन भएपनि कैयौँ परम्परागत सञ्चार माध्यमहरुको बारेमा खोज अनुसन्धान हुनु आवश्यक छ। यस्ता सञ्चार माध्यमहरुको खोज तथा तिनीहरुका बारेमा अनुसन्धान गरी सञ्चार क्षेत्र अध्ययनको दायरा फराकिलो पार्नु आवश्यक भए पनि हुन सकेको देखिएन।

सूचना प्रवाहको आफ्नै भाषिक र प्रविधिगत परिपाटी हुने भएता पनि महामारी, विपद् वा तत्कालै सुसूचित गराउनु पर्ने विशेष अवस्थामा सञ्चारका औपचारिक परिपाटीहरुलाई तोड्दै समाजमा सूचना हस्तक्षेप हुने हुदाँ यस्तो अवस्थामा समाजमा प्रयोगमा रहेका सञ्चार विधिहरुले सूचना प्रदानमा महत्वपूर्ण भूमिका खेल्छन, साथै बहुभाषिक समाजमा सूचना प्रवाह गर्दा एउटै भाषाको प्रयोग प्रभावकारी हुँदैन। विभिन्न भाषिक समुदायका लागि सूचना प्रवाह गर्न आधुनिक सञ्चार माध्यमभन्दा परम्परागत सञ्चार विधिहरु नै बढी प्रभावकारी देखिन्छन्। योगदानका आधारमा ती सञ्चार विधिहरु सशक्त भए पनि विभिन्न कारणले ओझेलमा परेका छन्।

नेपालमा कटवाल (कटुवाल) सञ्चार विधिले सरकारी मान्यता पाएको कुरा “त्यस बखतको नेपाल” पुस्तकमा राणाशासन चक्रको आकार शीर्षक अन्तरगत उल्लेख गरिएको छ। उक्त पुस्तकमा कटुवाललाई बोटे र धामीभन्दा माथिको श्रेणीमा राखिएको छ। यस आधारमा नेपालमा सामाजिक, प्रशासनिक तथा ऐतिहासिक महत्व र मन्यता रहेको मान्न सकिन्छ। यति हुदाँ पनि कटवाल एक प्रथामा मात्र सिमित रहेको देखिन्छ।

## १.३ अनुसन्धानको औचित्य

नेपालमा आधुनिक छापाखानाको विकासलाई गिद्धे प्रेस (वि.सं १९०८) सँग जोडेर हेरिन्छ भने नेपाली आधुनिक पत्रकारिताको प्रारम्भ सुधासागर (वि.स.१९५०) को प्रकाशन प्रयाससँग जोडेर हेरिन्छ । यसले, के त्यो भन्दा पहिले नेपाली समाजमा सूचना सञ्चार हुँदैनथ्यो ? के सूचना सञ्चार बिना नै समाज अघि वढेको थियो ? भन्ने प्रश्न खडा गर्छ । यस सन्दर्भमा आदिम कालदेखि मानिसहरु बिच अझ राम्रो सूचनाको सञ्चार गर्न विभिन्न प्रयासहरु हुँदै आएका थिए । आधुनिक पत्रकारिता तथा सञ्चार माध्यमको विकास पूर्व पनि समाजमा विभिन्न विधिहरु प्रयोगमा थिए, जसले सूचनामात्र नभई सांस्कृतिक मूल्य मान्यता र सभ्यता पनि आत्मसाथ गरेका थिए । तर यस्ता सञ्चार विधिहरु सञ्चारको इतिहासमा छुटेका छन । तिनै सञ्चार विधिहरु मध्येको एक कटवाल सञ्चार विधिको अनुसन्धान गर्ने कार्य औचित्यपूर्ण छ ।

कटवालले सूचना सञ्चारमा गरेको योगदानका बारेमा पत्रपत्रिकामा समाचारका रुपमा उल्लेख गरेको तथा केही पुस्तकहरुमा सामान्य रुपमा परिभाषित गरेको बाहेक यसको विस्तृत रुपमा अध्ययन तथा अनुसन्धान भएको पाईंदैन । कटवाल कुनै एक भेग तथा गाउँ विशेषमा मात्र सिमित नभई देशैभरि कुनै न कुनै रुपमा प्रयोगमा रहेको एउटा मौलिक सञ्चार विधि भएकाले यसका बारेमा खोज अनुसन्धान गर्नु औचित्यपूर्ण छ ।

यस अनुसन्धानले नेपाली समाजमा प्रचलन्मा रहेको कटवाल सञ्चार विधिको प्रयोगको अवस्थाको विश्लेषण तथा भविष्यको अवस्थाको मार्गचित्र कोरिने अपेक्षा गरिएको छ । यो अनुसन्धान परम्परागत सञ्चारका बारेमा अध्ययन गर्न चाहने शोधकर्ताहरुका लागि एउटा दस्तावेज बन्ने विश्वास छ । सञ्चार क्षेत्रमा कटवालको इतिहास, प्रयोगको अवस्था र परम्पागत सञ्चार माध्यमका

बारेमा रुची राख्नेहरुलाई आवश्यक ज्ञान दिनेछ र आउने पुस्ताका लागि कटवालको इतिहास जान्ने अवसर प्रदान गर्नेछ त्यसकारण यो अनुसन्धानको औचित्य नकार्न सकिँदैन ।

कुनै पनि खोज, अनुसन्धान तथा अध्ययनका लागि ज्ञान हासिल गर्न पश्चिमा लेखक तथा अनुसन्धान कर्ताहरुले लेखेका पुस्तकहरु अध्ययन गर्ने र उनीहरुले भने जस्तै हुवहु नक्कल गर्ने परिपाटीलाई वैज्ञानिक ठान्ने तर हाम्रै समाजमा रहेका कैयौँ विषयवस्तुहरुका बारेमा उजागर नगर्ने परिपाटी बिडम्वना नै हो । यस अध्ययनमा हाम्रै समाजमा प्रयोगमा रहेको, सास्कृतिक, ऐतिहासिक र प्रशासनिक महत्व बोकेको सञ्चार विधि कटवालका बारेमा आफ्नै समाजको सेरोफेरोमा केन्द्रित रही अध्ययन गर्ने प्रयास गरिएको छ । यस अध्ययनबाट नेपाली समाजमा कायम एउटा पुरानो सञ्चार विधिको बारेमा उजागर हुने भएकाले यो अध्ययन आवश्यक र औचित्यपूर्ण रहेको विश्वास लिएको छु ।

### १.४ अनुसन्धानको उद्देश्य

कटवाल सञ्चार विधिले समाजमा खेलेको भूमिका, ऐतिहासिक पृष्ठभूमि र वर्तमानमा त्यसको प्रयोग र अवस्थाका बारेमा खोजी गर्नु आवश्यक छ तर खोज तथा अनुसन्धन नभएकाले यो एउटा सञ्चार विधिको रुपमा नभई समाजमा प्रथाका रुपमा मात्र सिमित रह्यो । यसको भूमिका, विकासक्रम, ऐतिहासिक पृष्ठभूमि, प्रयोगको बारेमा खोजी गर्नु आवश्यक भए पनि त्यो हुन सकेन । यस शोधकार्यमा कटवालको इतिहास, भूमिका र विकासक्रमका विषयवस्तुहरुका बारेमा सामान्य रुपमा उल्लेख गर्नुका साथै यसको प्रयोग विगतमा कसरी/कुन अवस्थामा भइरहेको थियो र वर्तमानमा कटवाल सञ्चार विधि कसरी प्रयोगमा आइरहेको छ भन्ने विषयलाई प्रमुख उद्देश्य बनाई अनुसन्धान कार्य थालिएको छ ।

## १.५ अनुसन्धानको सान्दर्भिकता

सञ्चार क्षेत्रमा आएको परिवर्तनले क्षणभरमै विश्वको खबर प्राप्त गर्न सकिने अवस्था सृजना भएको छ । यसैकारण विश्व एक गाउँको रुपमा परिणत भएको छ । समय, परिवेश, आवश्यकता तथा औचित्यका आधारमा परिस्थिति निर्माण हुने भएकाले सोही अनुसार सञ्चार साधनहरु विकसित र परिस्कृत भएका छन् । समाजमा पनि आम समुदायले आफ्नो चलन, रीति तथा परम्पराको प्रयोग गरी दैनिक जीवनलाई सहज र उन्नत बनाउने कोशिस गरिरहेका हुन्छन् । परापूर्व कालदेखि चल्दै आएका यस्ता परम्परा, मूल्य-मान्यताहरुले समाजलाई मार्ग निर्देशित गर्ने काम पनि गरिरहेका हुन्छन् । ती परम्पराहरु समाजको आवश्यकता र औचित्यमा आधारित हुन्छन् । समाजले अंगालेका मूल्य मान्यताहरुका बारेमा खोज अनुसन्धान गर्ने विषय असान्दर्भिक हुन सक्दैन ।

सामाजिक मूल्य मान्यता बोकेका विभिन्न विधि तथा पद्धतिहरु मध्ये कटुवाल एक सूचना सञ्चार विधि हो । गाउँको परिवेश सुहाउँदो, कम खर्चिलो, सरल तथा प्रभावकारी भएका कारण यो सञ्चार विधि हालपनि उत्तिकै महत्वपूर्ण छ । गाउँघरमा विभिन्न कामहरु जस्तै : धार्मिक, सास्कृतिक, महामारी, प्रकोप रोकथामका सूचना प्रवाह गर्न कटवाल सञ्चार विधिले योगदान गरेको छ । गाउँघरमा आयोजना गरिने विभिन्न मेला, पर्व, सामाजिक कार्य, सरकारी कामको जानकारी दिने सञ्चार विधि भएकाले यसका बारेमा अध्ययन गर्नु सान्दर्भिक छ ।

मुलधारका सञ्चार माध्यमहरुले समाचार तथा सूचना सामग्री प्रसारण गर्न जति भूमिका खेलेका छन्, त्यत्ति नै स्थानीय स्तरमा प्रयोगका रहेका यस्ता सञ्चार विधिहरुले पनि भूमिका खेलेका छन् । तथापि मूलधारका सञ्चार माध्यमहरुको तुलनामा परम्परागत सञ्चार विधिहरुका बारेमा पर्याप्त अनुसन्धान भएको पाईंदैन । त्यसैले यस्ता मौलिक, सामाजिक सञ्चार विधिका विषयमा पनि अनुसन्धान हुनु उत्तिकै सान्दर्भिक छ ।

### १.६ अनुसन्धानको साङ्गठनिक संरचना

यस शोधपत्रलाई विभिन्न छ अध्यायमा बिभाजन गरिएको छ । पहिलो अध्यायमा परिचय एवम् पृष्ठभूमि रहेको छ । जस अन्तरगत सामान्य रुपमा कटवालको उत्पत्तिदेखि यसको विस्तार, कटवालका सामान्य ऐतिहासिक पृष्ठभूमि, विश्व परिवेश तथा समान्य परिचय उल्लेख गरिएको छ । यसै अध्यायमा समस्या कथन, अनुसन्धानको औचित्य, अनुसन्धानको उद्देश्य, अनुसन्धानको सान्दर्भिकता, अनुसन्धानको साङ्गठनिक संरचना र अनुसन्धानको सीमा समेत राखिएको छ ।

अध्याय दुईमा साहित्यको पुनरावलोकन गरिएको छ, जहाँ कटवाल सञ्चार विधिबारे गरिएका अनुसन्धानको समीक्षा गरिएको छ । यस अनुसन्धानका लागि छनौट गरिएका सामाग्रीहरुको सर्वेक्षण, कटवालका बारेमा यस अनुसन्धान गर्नुभन्दा पहिले भए गरेका कार्यको समीक्षा समेटिएको छ ।

अध्याय तीनमा अनुसन्धान विधि, अनुसन्धानको तथ्याङ्क स्रोत, अनुसन्धान ढाँचासँग सम्वन्धित तालिका समावेश गरिएको छ । अनुसन्धान विधि अन्तरगत अन्तर्वार्ता विधि, नमुना छनोट विधि रहेका छन् भने अनुसन्धानको तथ्याङ्क स्रोत अन्तरगत सञ्चार गृह छनोट, सञ्चारकर्मी तथा कटवाले (कटवाल) भएका ब्यक्तिहरु छनोट रहेका छन् । अनुसन्धानको तथ्याङ्क स्रोत अन्तर्गत प्राथमिक र द्वितीय स्रोत समावेश गरिएको छ । त्यस्तै अनुसन्धान ढाँचा पनि यस भागमा समावेश गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रको परिचय तथा कटवाल सञ्चार विधिको विगत र वर्तमानको अवस्था समावेश गरिएको छ । यस अध्यायमा डोटी जिल्लाको सामान्य परिचय, पूर्वीचौकी गाउँपालिका र दिपायल सिलगढी नगरपालिकाको परिचयका साथै पूर्वीचौकी गा.पा. र दिपायल सिलगढी न.प. लगायत समग्र डोटी जिल्लामा कटवाल सञ्चार विधिको अवस्थाका बारेमा उल्लेख गरिएको छ ।

अध्याय पाँचमा विगत र वर्तमानमा कटवाल सञ्चार विधिको प्रयोगका बारेमा उल्लेख गरिएको छ। विगतमा कटवाल सञ्चार विधिको प्रयोग कहाँ, कसरी र कुन अवस्थामा हुन्थ्यो र वर्तमानमा कटवाल सञ्चार विधिको प्रयोग कसरी र कुन अवस्थामा भईरहेको छ भन्ने बारेमा उल्लेख गरिएको छ। त्यसैगरी अध्याय छ मा अनुसन्धानको निष्कर्ष, सुझाव, समावेश गरिएको छ। अन्त्यमा सर्न्दभ सामाग्री र अनुसूचीहरु राखिएको छ।

## १.७ अनुसन्धानको सीमा

कटवाल एक परम्परागत सञ्चार विधि (माध्यम) भएको र यसको कुनै पनि विषयमा अनुसन्धान कार्य नभएले यो गाह्रो विषय हो। यो विषयमा अनुसन्धान गर्न सिमित स्रोत साधन, विकट भौगोलिक अवस्था, कठिन परिस्थिति, रुढीवादी धारणाका कारण यस अनुसन्धानलाई विस्तृत रुपमा अनुसन्धान गर्न असमर्थ भएकाले निम्न अनुसार सीमाबद्ध गरी अनुसन्धान कार्य गरिएको छ।

१) अनुसन्धानलाई डोटी जिल्लाका पूर्वीचौकी गा.पा. र दि.सि.न.पा.मा सिमित गरिएको छ।

२) डोटी जिल्लामा पुस्तैनी कटवाल हुँदै आएका गा.पा. तथा न.पा.का केही ब्यक्तिहरु, स्थानीय बुद्धिजीविहरु, तत्कालिन मुखियाहरु र सञ्चारकर्मीसँग अन्तर्वार्ता केन्द्रित गरिएको छ।

३) यस अनुसन्धानमा अन्तर्वार्ता, प्रश्नावली, लक्षित समूह छलफललाई  मात्र तथ्याङ्क संकलनमा साधनको रुपमा उपयोग गरिएको छ।

४) यो अनुसन्धानमा कटवाल सञ्चार माध्यमसँग सम्बन्धित विभिन्न दस्तावेजहरु, प्रतिवेदन, लेखहरु, अध्ययन गरिएको छ। विभिन्न राष्ट्रिय तथा स्थानीय सञ्चार माध्यममा प्रकाशित तथा प्रसारित समाचार तथा विश्लेषणात्मक आलेखहरूको अध्ययन गरिएको छ। यसका साथै कटवाल सञ्चार विधिसँग सम्बन्धित वेव पेजहरुको पनि सहयोग लिई तथ्याङ्क समावेश गरिएको छ।

# अध्याय-दुई

## २. साहित्यको पुनरावलोकन

### २.१. पूर्वकार्यको समीक्षा

आधुनिक सञ्चार माध्यमहरु परम्परागत सञ्चार माध्यमहरुबाट परिमार्जित, परिष्कृत र विकास हुँदै वर्तमान अवस्थमा पुगेका हुन । वर्तमानमा आधुनिक सञ्चार माध्यमका बारेमा व्यापक खोज तथा अनुसन्धान भइरहँदा परम्परागत सञ्चार विधिहरुका बारेमा भने प्रयाप्त खोज तथा अनुसन्धान भएको पाइएन । त्यसकारण सञ्चार क्षेत्रको अध्ययन अपुरो भएको महसुस हुन्छ । परम्परादेखि रुपान्तरण हुँदै र समाजमा सूचना सञ्चार गर्दै वर्तमानसम्म पुगेको एक प्रमुख सञ्चार विधि “कटवाल”का बारेमा विस्तृत एवम् वस्तुनिष्ठ अनुसन्धान गरी औपचारिकता दिने कार्य पनि भएको पाइएन । त्यसकारण यसलाई लिपिवद्ध गर्ने काम नौलो हो । आधुनिक सञ्चार माध्यम र पत्रकारिताको बारेमा कैयौँ पुस्तक कार्यपत्र, लेख, सोधकार्य तयार गरिएका भएपनि परम्परागत सञ्चार विधिहरुको विषयगत अध्ययन अनुसन्धान भएको पाईदैन ।

नेपालमा सञ्चार क्षेत्रको अध्ययनको सीमा वि.सं १९५० पूर्व ज्यादै न्यून अवस्थामा रहेको देखिन्छ । ऐतिहासिक दस्तावजहरु, धार्मिक पुस्तकहरु तथा बुलेटिनहरुमा कटवाल सञ्चार विधिका बारेमा छिटपुट पढन पाईएता पनि कटवाल (कटुवाले, कटवाले) सञ्चार विधिसँग सम्बन्धित अनुसन्धान, पुस्तक, दस्तावेज तथा प्रतिवेदनहरु पाईदैन । अध्ययन सामाग्री नपाए पनि प्राप्त भएजती सामाग्रिहरुलाई सम्बन्धित साहित्य अन्तर्गत समावेश गरिएको छ । सम्बन्धित विषयको अध्ययनलाई उद्देश्यमूलक व्यवहारिक र प्रभावकारी बनाउनका लागि यस विषयसँग सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको हो ।

दिपायल सिलगढी न.पा.को पुन्ना गाउँका उमाकान्त भट्टले पहिलो पटक डोटीमा पत्रिका भित्र्याएका थिए । उनले ९३ वर्ष पहिले अर्थात गोरखापत्र प्रकाशनको २५ बर्ष पछि  पत्रिका डोटी जिल्लामा भित्र्याएको प्रमाण भेटिन्छ (ओझा २०६०) । डोटी जिल्लामा पत्रिका ९४ बर्ष, रेडियो २५ बर्ष र छापा यन्त्र ५० वर्ष पहिले भित्रिएको इतिहास भेटिन्छ । त्यसभन्दा पहिल डोटेली समाजमा सूचना सम्प्रेषण गर्न समुदायमा प्रयोगमा रहेका पुराना सञ्चार विधि (माध्यम)हरुको नै प्रयोग हुने गरेको पाईन्छ । विभिन्न बिश्व विद्यालयमा अध्ययन गर्ने शोधार्थीबाट पनि कटवाल सञ्चार विधिको अध्ययन गरी औपचारिक रुप दिएको पाईदैन । कटवाल सञ्चार विधिको ईतिहास र विकासक्रम, प्रयोगलाई जोडेर हालसम्म कुनै पुस्तक प्रकाशित भएको पाईदैन ।

## २.२. सम्वन्धित सन्दर्भ सामग्रीको पुनरावलोकन

कटवाल अर्थात उच्च स्वरमा खबर गर्ने चलन वैदिक काल देखि प्रयोगमा रहेको भनी रुपमा विभिन्न साहित्यहरुमा उल्लेख भएको पाईन्छ । वर्तमान समयमा पनि यो चलन समाजमा कायमै छ भन्ने कुरा पनि विभिन्न साहित्य तथा पत्रपत्रिकामा आउने समाचारहरुले पुष्टि गरेका छन् । यसले परापूर्व समयदेखि सञ्चार क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको थियो भन्ने कुरा पनि विभिन्न लेख, रचना तथा पुस्तकहरुले पुष्टि गरेका छन् । हाल पनि गाउँमा हुने सञ्चार प्रकृयामा यसको ठुलो योगदान रहेको छ । कटवालका बारेमा विभिन्न पुस्तकहरुमा सामान्य रुपमा उल्लेख गरेको भएपनि विस्तृत रुपमा अनुसन्धान गरेको दस्तावेज भेटिएन  । त्यस्तै, डोटी जिल्लामा कटवाल सञ्चार माध्यम प्रयोगका बारेमा दस्तावेज तथा पुस्तकहरु पनि छैनन् । तथापी यससँग सम्वन्धित प्राप्त भएका लेख, रचना, अध्ययन पुस्तक, जर्नल, थेसिस, शिलालेख, डायरी, नीतिगत दस्ताबेज, लेखोट; मूर्ती, तस्विर, धार्मिक र साँस्कृतिक महत्वका वस्तुहरु भिडिओ, अडियो  लगायतका श्रोतवस्तुका आधारमा सन्दर्भ सामग्रीको पुनरावलोकन गर्ने प्रयास गरिएको छ ।

मानिसले प्राचीन समयदेखि विभिन्न सञ्चार विधिहरुको प्रयोग गर्दै आएको कुरा विभिन्न पुस्तकहरुमा उल्लेख गरेको पाइन्छ । सरदाना र मेहता, (२००९) ले “जनसंचार कल, आज और कल” नामक पुस्तकमा उल्लेख गरे अनुसार भाषाले जनसञ्चारमा नयाँ आयाम थपेको छ । आधुनिक सञ्चार माध्यम नभएको वखतमा विभिन्न राज्यका राजा रजौटाहरुले आफ्ना प्रजासम्म सन्देश पठाउन “डोंडी”को प्रयोग गर्ने गरेका थिए । उनीहरुले सूचना तथा सन्देश पठाउन उनीहरुकै विश्वास पात्रमध्ये एकजना सन्देश वाहकले सन्देश प्रसारण गर्नुभन्दा पहिले डोंडीको ध्वनी प्रयोग गरी ध्यान आकर्षित गर्दथे । राजाहरुले आफ्ना कार्यहरुको प्रचार गर्न दरबारमा एकजना भाट राख्ने गर्दथे । भाटहरुले नै राजा महाराजाहरुका सन्देश प्रसार गर्ने काम गर्दथे । त्यसपछि जनसञ्चारको काम गीत एवम् नाटकबाट गर्न थालियो भनी उल्लेख गरेका छन् ।

पाढी र स्वतन्त्र, (२०१७) ले विकास सहायक सञ्चार एक सामाजिक दृष्टिकोण पुस्तकमा परम्परागत सञ्चार माध्यम समाजमा कस्तो अवस्थामा रहेको थियो र विकास सहायक सञ्चार किन आवश्यक छ भन्ने बारेमा प्रकाश पारेका छन् । प्राचीन पत्रकारिता मौखिक तथा क्रियात्मक स्रोतका कारण जीवित भए पनि भारतीय समाज प्राचीन पत्रकारिताको उपयोगले पत्रकारितालाई धेरै व्यापकता बनाएको उल्लेख गरेका छन् तर परम्परागत सञ्चार विधिहरु कुनै खास समुदायको सामाजिक, साँस्कृतिक, नैतिक, धार्मिक तथा भावनात्मक आवश्यकता व्यक्त गर्नका लागि उपयोगमा ल्याइने गरेको थियो । ती सञ्चार माध्यमहरु प्रायः एक पिढीबाट अर्को पिढीमा मौखिक तथा भौतिक गतिविधिका आधारमा हस्तान्तरित हुने गर्छन ।  परम्परागत सञ्चार माध्यम प्रायः गरेर धार्मिक वा पर्वहरुको अवसरमा बढी प्रयोगमा आउने गरेको पाढी र प्रकाशको मत छ । यस्ता सञ्चार माध्यमहरु ग्रामीण समुदायमा बढी विश्वासप्रद भएता पनि यिनीहरु विश्वासोत्पादक सञ्चारका लागि बढी क्षमतावान हुने र तुरन्त प्रतिक्रिया या पुनर्निवेशन प्राप्त गर्न सक्दछन ।

वर्तमान समयमा ग्रामीण समुदायको रहन-सहन तथा जीवन शैलीमा धेरै परिवर्तन आएको छ । यो परिवर्तन जहाँ औद्योगिकीरण र सहरिकरण भईरहेको छ त्यस्ता ठाउँहरुमा आधुनिक सञ्चार माध्यमहरुले परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेका छन् । धेरै विषयवस्तुहरु जस्तै अन्धविश्वास, रुढीवादी परम्परा, जातीवादी तौरतरिकाहरुको परिवर्तनमा पनि आधुनिक सञ्चार माध्यमहरुको प्रयोगले निकै महत्वपूर्ण भूमिका खेलेका छन् तथापि न्युन पूँजीपति र निम्न वर्ग बिच दुरी बढाउने कार्य पनि आधुनिक पत्रकारिताले गरेको छ । सञ्चार महङ्गो भएको छ । वर्तमान समयमा पनि सबै राष्ट्रमा ग्रामीण समुदायमा गरिबी व्याप्त रहेको हुँदा भारत, नेपाल लगायतका देशमा परम्परागत सञ्चार माध्यमको प्रयोगले ती ग्रामीण समुदायका गरिबीमा बाँचिरहेका मानिसहरुको सूचनामा सहज पहुँचलाई सुनिश्चित गर्नेछ । परम्परागत समाजको रुपरेखालाई बदल्न ती सञ्चार माध्यमले नै विकल्प प्रदान गरेको छ ।

कसजू, (२०६३) ले ग्रामीण पत्रकारिता अहिलेको सन्दर्भ शीर्षकको आलेखमा पाल्पामा भित्ते पत्रिकादेखि वेब साइटसम्मका माध्यमहरूले ग्रामीण पत्रकारितालाई समेटेका छन् । ग्रामीण सञ्चार माध्यमभित्र गाउँमा सूचना र ज्ञान प्राप्त गर्ने, प्रशोधन, भण्डारण र सम्प्रेषण गर्ने माध्यमहरू पर्छन् । कटुवाल, चौकिदार, गन्धर्व (गाइने) देखि आधुनिक मोबाइल फोन जस्ता सञ्चार तथा आमसञ्चारका माध्यमहरू यसभित्र पर्न सक्छन् भनी उल्लेख गरेका छन् ।

कटवाल सञ्चार विधिबारे विस्तृतमा अध्ययन अनुसन्धान नभए पनि सञ्चारका अन्य विषयमा अनुसन्धान गर्दा भने कटुवाल सम्बन्धी उल्लेख गरिएको पाइन्छ । उदाहरणका लागि रोलम्वा जर्नलमा प्रकाशित बज्राचार्य, (१९८६) को कटुवाल घोक्ने लेखमा कटवाल सञ्चार विधिको बारेमा जानकारी दिने प्रयास गरिएको छ । कटवाल घोक्ने भन्नाले के बुझिन्छ ? कटवाल कहिलेबाट औपचारिक रुपमा शुरु भयो ? कटवाल सञ्चार विधि कुन कुन काममा प्रयोगमा आउथ्यो ? यो

पहाडी समुदाय, प्रयाप्त विकास नभएको ठाउँमा किन यो आवश्यक छ ? आदि प्रश्नहरुको जवाफ खोज्ने प्रयास गरिएको छ । उक्त लेखमा उल्लेख भए अनुसार कटवालले सूचना दिँदा गाउँको दोबाटो वा चौबाटोबाट आवाज मार्फत सबै जनतालाई सूचना दिने कार्य गर्ने गरेको उल्लेख गरिएको छ । गाउँघरमा आइपर्ने विभिन्न संकटका खबरहरु, धार्मिक कार्य, सामाजिक कार्य व्यक्तिगत कार्यहरु जस्तै (कसैको घरमा चोरी भएमा, कुनै व्यक्तिले नराम्रो काम गरेमा) त्यस्तो खबर जनता समक्ष पुऱ्याउने उल्लेख गरेको छ । बि.सं. १६१६ मा कास्कीका तत्कालिन राजा जगदिश खान ठकुरीले कास्कीकै बेगनास गाउँको एक उच्च स्थानमा एक कोट र सैनिक खडा गरी कोटवाल दर्जा खडा गरी त्यस पदमा योग्य व्यक्ति नियुक्त गरे भनी उल्लेख गरिएको छ । त्यसबेला ती नियुक्त भएका व्यक्तिको मुख्य काम नै माध्यमको कार्य हुन्थ्यो ।

त्यस्तै शंकर थापाले डोटेली पत्रकारिताको इतिहास र विकासक्रम शोधपत्र, (२०७५)मा पौराणिक कालदेखि डोटेली समाजमा सञ्चार आदान प्रदान गर्न महत्वपूर्ण भूमिका खेल्दै आएको कटुवाललाई विस्तृत रुपमा उल्लेख गरेको नभए पनि कटुवाल भएर खबर दिने प्रचलन् गाउँ समाजमा अझै कायम रहेको भनी उल्लेख गरेका छन् । उनले नेपालमा पत्रकारिताको विकास हुनु भन्दा पहिले कटुवाल, हल्कारा, गन्धर्व लगायतले खबरको आदान प्रदान गर्दथे भनी चर्चा गरेका छन् ।

बराल, (२०१०) ले लेखे अनुसार पाल्पा जिल्लाको तत्कालिन भोर्ले, भगनी, सोमदी र रिमिभा गा.वि.स., कास्कीको लुम्ले गा.वि.स.मा विद्युतीय सञ्चार माध्यमहरुको प्रयोग भएको पाइए पनि धेरै जसो विद्यालय, चिया पसलहरु, सामाजिक संस्थाहरुमा जम्मा भएर आपसमा सूचना आदान प्रदान गर्ने विधि स्थानीय समुदायमा प्रभावकारी सञ्चार विधिको रुपमा पाइएको छ । त्यसका साथै कुनै गाउँहरुमा सामाजिक कार्य गर्ने, बैठक बोलाउन कटुवाल पद्धति पनि अपनाएको पाइन्छ ।

बरालका अनुसार सञ्चारका आधुनिक साधन नहुँदा प्रत्येक बस्ती, गाउँ वा समाजमा जनसभा बोलाउने, सार्वजनिक काममा श्रमदान गर्ने र देवताको पूजा गर्ने कार्यको जानकारी गराउन कटुवाल सञ्चार विधि प्रचलित थियो । कटुवालले सूचना वा खबर गरेवापत गाउँलेहरूबाट केही अन्न वा बाली लिन सक्छन्, यदि उसलाई ट्रस्ट वा कुनै संस्थाले नियुक्त गरेको छ भने उसले उक्त संस्थाबाट केही अन्न वा पैसाको रूपमा पारिश्रमिक पाउँछन् ।

पराजुली, (१९८७) सार्वजनिक स्थानहरुमा मानिसहरु भेला गराएर सूचनाहरु दिने गरिएको उल्लेख गर्छन् । थुम-थुम र कोटहरुमा कुर्लने सञ्चार विधि निकै पछिसम्म भएको जानकारी दिन्छन् । थुम-थुम र कोटहरुमा कुर्लेर खबर गर्ने नै कटुवाल सञ्चार विधि थियो ।

कुनै पर्व उत्सवमा सर्वसाधारणलाई निमन्त्रण गर्न, कसैको मृत्यु भएमा मलामी जान, कुनै सरकारी उर्दी सुनाउन वा समाजमा विशेष कार्यको सूचना सुनाउनु पूर्व सबैलाई सचेत हुने सङ्केतका लागि लोक परम्परामा आधारित सञ्चार माध्यमको प्रयोग गरिँदै आइएको छ (आचार्य २०७३) ।

निर्मलमणि अधिकारीले 'कटुवाल सञ्चार विधिको नेपाली विशेषताबारे संक्षिप्त लेखोट' मा सामाजिक, सांस्कृतिक वा प्रशासनिक आधिकारिकता भएको व्यक्तिले अह्राए अनुसार सूचनाको सार्वजनिक सम्प्रेषण गर्ने व्यक्तिलाई नेपाली समाजमा कटुवाल भनिएको र त्योसँग सम्बद्ध सञ्चार विधिलाई कटुवाल सञ्चार विधि भनिएको भनी उल्लेख गरेका छन् । उनका अनुसार नेपालमा भौगोलिक तथा भू-साँस्कृतिक क्षेत्र अनुसार कटुवाल सञ्चार विधि विभिन्न स्वरुपमा प्रयोगमा रहेको भए तापनि सूचनाको सार्वजनिक उद्घोषण (घोक हाल्ने) जिम्मेवारी कटुवालको हुन्छ । कटुवाल सञ्चार विधि मानव समाजको त्यो प्राचीन समयबाट सुरु भएको देखिन्छ, जब मानवले सूचना सम्प्रेषणको महत्व बुझिसकेको त थियो तर सूचना सम्प्रेषणका लागि विशेष प्रविधिको विकास भने भइसकेको थिएन । सूचना सम्प्रेषणको लागि व्यक्ति विशेषलाई जिम्मेवार बनाउने र सो जिम्मेवारी

पूरा गरेपछि पारिश्रमिक स्वरुप वार्षिक रुपमा बाली (अन्न) दिने गरी यो सुरु भएको देखिन्छ भनी उल्लेख गरेका छन् ।

मेचीदेखि महाकाली भाग-३ मा उल्लेख भए अनुसार मनाङ जिल्लाको छसुम इलाका बसोवास गर्ने समुदायमा चलिआएको यिनीहरुको आफ्नै प्रकारको पञ्चायत हुन्छ । त्यस गाउँमा हरेक २ बर्षका लागि गाउँको नाइके "धावा" चुनिने गरिन्छ र ती धावाले बोलेका कुरालाई सबैले मान्ने गर्छन् । गाउँमा "धावा"ले बोलाएको सभाको जानकरी गराउने काम कटुवालको हुन्थ्यो । त्यहाँ हरेक गाउँमा एकजना धावा, एकजना शेर्पा र एकजना कटुवाल हुने कुरा उल्लेख गरिएको छ ।

श्रमजीवि पत्रकार पारिश्रमिक अध्ययन प्रतिवेदन, २०७० मा नेपाली पत्रकारिताको प्रारम्भ हुनुअघि नेपाली समाजमा परम्परागत सञ्चार प्रणाली विद्यमान थियो । नेपालमा यस अवस्थासम्म कटुवाल कराउने, झ्याली पिट्ने, शङ्ख फुक्ने, दमाहा बजाउने, कर्नाल फुकेर सञ्चार गर्ने गरिन्थ्यो भनी उल्लेख छ । उक्त प्रतिवेदनमा नेपालको पश्चिम भेगमा कटुवाल कराउने र पूर्वतिर मान्छे मर्दा शङ्ख फुक्ने काम आज पनि चलिरहेकै छन् भनी उल्लेख छ । तथापि यस शोधकार्यको अध्ययनका क्रममा कटवाल सञ्चार विधिको प्रयोग गर्ने र मान्छे मर्दा शङ्ख फुक्ने चलन नेपाल अधिराज्य भरिनै रहेको पाइएको छ । उक्त प्रतिवेदनमा कटवाल सञ्चार विधिका बारेमा विस्तृत रुपमा अध्ययन नभए पनि नेपाली पत्रकारिताको प्रारम्भ हुनुअघि नेपाली समाजमा परम्परादेखि चल्दै आएका विभिन्न सञ्चार विधिहरु विद्यमान थिए भनी उल्लेख गरिएको छ । यद्यपि प्रविधिको बाक्लो उपस्थितिका बीच पनि कतिपय स्थानमा अहिले पनि प्राचीन सञ्चार विधिहरु विद्यमान छन् ।

सूचनालाई तत्काल जानकारी गराउनु पर्ने विशेष अवस्थामा आधुनिक सूचना प्रकृयाको शैली वा परिपाटीहरुलाई तोड्दै सञ्चार शैलीमाथि हस्तक्षेप गर्ने र बैकल्पिक सञ्चार विधिको पनि खोजी गर्ने गर्छ । यस्तो परिस्थितिमा परम्परागत सञ्चार विधिहरु पनि उपयोगी ठानिन्छन् र प्रयोगमा

आउँछन् । साथै वहुभाषिक तथा बहुसाँस्कृतिक सामाजिक संरचनामा सूचना प्रवाह गर्दा एउटै भाषाको प्रयोग प्रभावकारी नहुने र विभिन्न भाषामा सूचना प्रवाह गर्न आधुनिक भन्दा परम्परागत सञ्चार विधिहरु नै वढी प्रभावकारी हुन्छन् । सूचना शिक्षासँग पनि गाँसिने भएकाले शिक्षाको पहुँचबाट टाढा रहेका व्यक्तिहरुका लागि पनि त्यस्ता सञ्चार विधिहरु बढी प्रभावकारी हुने देखिन्छन । राष्ट्रिय जनगणना २०७८ अनुसार डोटी जिल्लामा ५ बर्षभन्दा बढी उमेर समूहका साक्षरता जनसङ्ख्या ७०.७४ रहेको छ । यस आधारमा समाज कुनै न कुनै रुपमा शिक्षाको पहुँचबाट टाढा रहेको मान्न सकिन्छ । यस्तो अवस्थामा सबैले थाहा पाउने गरी स्थानीय भाषामै सस्तो सुलभ रुपमा प्रयोगमा ल्याउन मिल्ने बैकल्पिक सञ्चार विधिका रुपमा कटवाल सञ्चार विधिलाई लिन सकिन्छ । हाल पनि परम्परागत सञ्चार विधिहरु स्थानीय स्तरमा प्रयोगमा छन् र ती सञ्चार क्षेत्रकै अभिन्न अङ्गहरु हुन । तर यिनीहरुका बारेमा खोज तथा अनुसन्धान गरी सञ्चार क्षेत्र अन्तरगत् समेट्ने प्रयास भएको देखिएन । यस्ता सञ्चार विधिहरुका बारेमा अध्ययन अनुसन्धान गरी सञ्चार क्षेत्रको दायरा फराकिलो पार्ने काम नयाँ विषय भएपनि समाजको आवश्यकताले सिर्जना गरेका यस्ता मौलिक सञ्चार विधिहरुका बारेमा अध्ययन अनुसन्धान गर्न आवश्यक ठानिएको हो ।

# अध्याय - तीन

## ३ अनुसन्धान विधि र ढाँचा

### ३.१. अनुसन्धान विधि

अनुसन्धान कार्यलाई व्यवस्थित रुपमा गर्नका लागि अपनाइने तरिका अनुसन्धान विधि हो । अनुसन्धान आफैमा एक व्यवस्थित र जटिल प्रक्रिया हो । जसलाई अगाडि बढाउन एक निश्चित विधि, योजना वा रणनीतिको आवश्यकता पर्दछ । अनुसन्धानलाई सहज तुल्याउन उपयुक्त विधिको छनोट गर्नु पर्दछ । यस अनुसन्धानलाई ब्यवस्थित रुपमा अगाडि बढाउन निम्नानुसार विधिहरु अपनाइएको छ ।

### ३.१.१ अन्तर्वार्ता विधि

यो शोधपत्र तयार गर्ने क्रममा अन्तर्वार्ता विधिको प्रयोग गरिएको छ । त्यसको लागि अध्ययन क्षेत्रमा गई सरोकारवालासँग अन्तर्वार्ता गरिएको छ । यस अध्ययनका लागि २०७७ साल कार्तिक देखि २०७८ कार्तिक मसान्तसम्म तथ्याङ्क सङ्कलन गरिएको हो । अग्रज तथा अनुभवी व्यक्तिहरुका अनुभव, भोगाइ, देखाइलाई आधार मानेर सामाग्री तयार पार्दा अध्ययनमा वास्तविकता आउने भएको हुँदा उनीहरुसँग अन्तर्वार्ता गरी तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययनका लागि पुस्तौं देखि कटवाल हुँदै आएका ब्यक्तिहरुसँग पनि अर्न्तवार्ता लिई तथ्याङ्क संकलनको कार्य गरिएको छ ।

अन्तर्वार्ताका लागि प्रश्नावली तयार गरी सोही आधारमा कटवालका बारेमा जानकार तथा चाँसो राख्ने व्यक्तिहरुसँग अन्तर्वार्ता गरी प्राप्त जानकारीहरु यस अनुसन्धानमा समावेश गरिएको छ ।

### ३.१.१.१ नमुना छनोट

अनुसन्धान कार्य सहज रुपमा अगाडि बढाउन नमूना छनोट गर्नुपर्ने हुन्छ । नमुना छनोट सम्पूर्ण जनसंख्याबाट छनोट गरिएको सानो रुप हो । अनुसन्धान कार्यलाई सहज, सरल एवम् कम समय र खर्चमा सञ्चालन गर्नको लागि निश्चित नमुनाको छनोट गर्ने गरिन्छ । यस शोधपत्रमा नमुना छनोट गर्दा दिपायल सिलगढी नगरपालिका र पूर्वीचौकी गा.पा.लाई छनोट गरी अनुसन्धान कार्यलाई सम्पन्न गरिएको छ । यस अनुसन्धानमा कटवाल सञ्चार माध्यम, सञ्चारकर्मी छनौट गरी कटवालका बारेमा जानकारी लिइएको छ । नमुना छनोट सम्वन्धी विवरण तालिका i मा प्रस्तुत गरिएको छ ।

**क) कटवालका बारेमा जानकारी राख्ने व्यक्तिहरु छनोट**

कटवाल सञ्चार विधिका बारेमा जानकारी राख्ने समाजका विभिन्न व्यक्तिहरुलाई यस अध्ययनमा समावेश गरी उनीहरुबाट जानकारी हासिल गरिएको छ । त्यसरी प्राप्त तथ्यहरुलाई यस अध्ययनमा समावेश गरिएको छ । साथै स्थानीय बुद्धिजीवि, जेष्ठ नागरिकहरुलाई पनि छनोट गरी उनीहरुबाट समेत जानकारी लिइएको छ । अनुसन्धानको अध्ययन क्षेत्रअन्तर्गत दिपायल सिलगढी नगरपालिका र पूर्वीचौकी गा.पा.का १६ जना यस अध्ययनमा समेटिएका छन् ।

**ख) सञ्चारकर्मी छनोट**

छनोटमा परेका सञ्चारगृहबाट सम्वन्धित सञ्चारगृहमा कार्यरत सम्पादक तथा स्टेशन म्यानेजरहरुसँग कटवालका बारेमा जानकारी लिई प्राप्त सूचनाहरुलाई यस अध्ययनमा समावेश गरिएको छ । साथै माथि उल्लिखित सञ्चारगृहमा कार्यरत ३ जना पत्रकारहरुसँग छलफलबाट प्राप्त जानकारीहरुलाई  यस अध्ययनमा समावेश गरिएको छ ।

**ग) कटवाल (कटवाले) छनोट**

पुस्तौंदेखि कटवाल हुँदै आएका दिपायल सिलगढी नगरपालिकाका १ जना र पूर्वीचौगी गा.पा. का २ जनासँग गरी ३ जना कटवालहरुसँग कटवाल सञ्चार विधिका बारेमा छलफल गरी प्राप्त तथ्याङ्कहरुलाई पनि संकलन गरी यस अध्ययनमा समावेश गरिएको छ ।

**तालिका १ नमुना सङ्कलन ढाँचा**

| क.स. | विवरण | नमुना छनोट गरिएका उत्तरदाताहरूको संख्या |
|---|---|---|
| १ | अध्ययन क्षेत्र | डोटी जिल्लाका दिपायल सिलगढी न.पा. र पूर्वीचौकी गा.पा. |
| २ | कटवालका बारेमा जानकार व्यक्तिहरु छनोट | ३ पुरुष + २ महिला = ५ जना |
| ३ | सञ्चारकर्मी छनोट | २ पुरुष + १ महिला = ३ जना |
| ४ | कटवाल भएका व्यक्तिहरु छनोट | ३ जना पुरुष |
| ५ | स्थानीय बुद्धिजीवि, समाजसेवी, प्राध्यापक आदि | २ पुरुष + ३ महिला ५ जना |

**३.१.२ अवलोकन विधि**

यो शोध कार्य गुणात्मक ढाँचामा आधारित स्थलगत अध्ययन भएकाले शोधपत्र तयार गर्ने क्रममा अवलोकन विधिको पनि प्रयोग भएको छ । यस अध्ययनका क्रममा लक्षित समूहको व्यवहारलाई पनि अवलोकन गरिएको थियो । यसले कटवाल सञ्चार विधिको प्रयोगसँग सम्बन्धित प्राथमिक तथा द्वितीय तथ्याङ्कलाई विश्लेषण गर्न, निर्दिष्ट प्रश्नहरूको उत्तर खोज्न, नयाँ जानकारीहरू प्राप्त गर्न सहज हुने भएकाले अवलोकन विधिको प्रयोग गरिएको हो । त्यसको लागि अध्ययन क्षेत्रमा गई

कटुवालले कसरी सूचना सञ्चर गर्दा रहेछन भन्ने कुराको प्रत्यक्ष अवलोकन समेत गरिएको छ । पुस्तौंदेखि कटवाल सञ्चार विधिको प्रयोग गर्दै सूचना सञ्चार गरिरहेका व्यक्तिहरुको भोगाइ तथा अनुभवको अवलोकन गरी तथ्याङ्क संकलन गरिएको छ । यसरी सङ्कलन गरिएका तथ्यहरु पनि शोधपत्रका समावेश छन् ।

### ३.३ तथ्याङ्कको स्रोत

यस अनुसन्धान कार्यमा दुई प्रकारका तथ्याङ्कहरु समावेश भएका छन् । अनुसन्धानलाई प्रभावकारी बनाउन प्राथमिक स्रोत र द्वितीय स्रोतको माध्यामबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

#### क) प्राथमिक स्रोत

अनुसन्धानलाई विश्वसनीय एवम् प्रभावकारी बनाउन मुलतः प्राथमिक स्रोतमा केन्द्रित गरिएको छ । यस अन्तर्गत सरोकारवाला निकायहरु, सरकारी तथा गैरसरकारी कार्यालयहरुका प्रतिवेदन, बुद्धिजीवि, पुस्तौंदेखि कटवाल सञ्चार विधि अपनाउँदै आएका व्यक्तिहरु लगायत शिक्षक तथा सर्वसाधारणसँग प्रत्यक्ष भेट गरी अन्तर्वार्ताका लागि तयार गरिएको प्रश्नावलीका आधारमा तथ्याङ्क सङ्कलन गर्ने कार्य गरिएको छ । यसरी प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोत अन्तर्गत राखिएको छ ।

#### ख) द्वितीय स्रोत

यस अनुसन्धानलाई थप विश्वसनीय र प्रभावकारी बनाउनका लागि सम्वन्धित अभिलेखहरु, यसअघि गरिएका अनुसन्धान प्रतिवेदनहरु, पुस्तकहरु, सरकारी तथा गैर सरकारी संस्थाहरुका दस्तावेजहरु, सम्वन्धित वेव पेजहरुमा भेटिएका तथ्यहरुलाई पनि अध्ययनमा समावेश गरिएको छ । साथै तत्कालिन मुखियाहरु र सर्वसाधारणसँग रहेका अभिलेखलाई द्वितीय स्रोतको रुपमा लिई त्यसबाट प्राप्त भएका तथ्य तथ्याङ्कहरुलाई यस अनुसन्धानमा समेटिएको छ । अध्ययन क्षेत्र भित्रका स्थानीय तहहरुबाट प्राप्त विषयवस्तुहरु मात्र नभई अध्ययन क्षेत्र बाहिरका स्थानीय तहमा भएका

अभिलेख तथा दस्तावेजहरुबाट प्राप्त विषयवस्तुहरुलाई समेत द्वितीय स्रोतका रुपमा लिई त्यसबाट प्राप्त तथ्याङ्कहरु यस अध्ययनमा समावेश गरिएको छ ।

## ३.४ अनुसन्धान ढाँचा

अध्ययन ढाँचा अध्ययन गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य, सङ्कलित सूचनाहरुको किसिम जस्ता विभिन्न पक्षहरुमा निर्भर हुने गर्दछ । यो अनुसन्धानमा गुणात्मक र वर्णनात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । अनुसन्धानको क्षेत्रमा वर्णनात्मक अनुसन्धान भनेको अध्ययन विषयको बारेमा विस्तृत ज्ञान प्राप्त गर्नु हो । यही  वर्णनात्मक ढाँचाको प्रयोग गरी प्राप्त सूचनाहरुको व्याख्या र विश्लेषण गरिएको छ । यो अनुसन्धान कार्यात्मक सैद्धान्तिक उपागमबाट गरिएको हुँदा प्राप्त तथ्याङ्कहरुलाई कार्यकरण सम्बन्ध (causal relational) को आधारमा प्रस्तुत गरिएको छ । यसमा अनुसन्धानकर्ताले अनुसन्धान क्षेत्रमा प्रत्यक्ष रुपमा गएर उद्देश्यमा आधारित भई अनुसन्धान गरेको छ । प्रस्तुत शोधपत्रमा कटवाल सञ्चार विधिको प्रयोगको अवस्था कस्तो छ ? कटवाल सञ्चार विधि प्रयोगको ऐतिहासिक पृष्ठभूमि, कटवाल सञ्चार विधि प्रयोगको विगत र वर्तमान अवस्था, विगतको स्वरुप आदि प्रश्नहरुको जवाफसहित अध्ययन विश्लेषण गर्न वर्णनात्मक, व्याख्यात्मक अनुसन्धान ढाँचाको प्रयोग उपयुक्त देखिएकाले यसको प्रयोग गरिएको हो ।

## ३.५ अन्तर्वार्ता सूची

गुणात्मक अनुसन्धानमा आधारित भएर यो अनुसन्धान कार्य गरिएकाले संरचित अन्तर्वार्ता तथा अवलोकन विधिको आधारमा सूचनाहरु सङ्कलन गरिएको छ । डोटी जिल्लामा कटवाल सञ्चार विधिको वर्तमान अवस्थालाई बुझ्नका लागि सम्बन्धित विषयवस्तुमा आधारित रहेर विभिन्न प्रकारका सूचीबद्ध प्रश्नहरूलाई अन्तर्वार्ताको लागि उत्तरदाता प्रतिनिधिहरू समक्ष प्रस्तुत गरिएको छ । यस अवसरमा अनुसन्धानसँग सम्वन्धित सूचना प्राप्त गर्न अनुसन्धान क्षेत्रका विभिन्न मानिसहरु (जस्तै : कटवाल, स्थानीय बुद्धिजीवि,  विभिन्न पेशा व्यवसाय अपनाएका मानिसहरु)सँग प्रत्यक्ष भेटघाट गरी उनीहरुसँग अन्तर्वार्ता लिएर प्राप्त तथ्याङ्क समावेश गरिएको छ ।

यस अनुसन्धानका लागि नमुना छनोट अन्तर्गत परेका सञ्चार गृहका सम्पादक तथा स्टेशन म्यानेजरहरु, विभिन्न पेशा व्यवसाय अपनाएका सर्वसाधारणसँग डोटी जिल्लामा कटवाल सञ्चार माध्यमको प्रयोग, सामान्य ऐतिहासिक पृष्ठभूमि लगायत प्रभावका बारेमा अन्तर्वार्ता लिइएको छ । कटवाल के हो ? समाजमा कहिलेदेखि यसको प्रयोग हुँदै आएको छ ? डोटी जिल्लामा कटवाल सञ्चार विधिको प्रयोग कहिलेबाट भयो ? यसले सञ्चार क्षेत्रमा कस्तो भूमिका निर्वाह गरेको छ ? डोटी जिल्लामा कटवालको प्रयोगले पारेको असर आदि विषयहरुमा अन्तर्वार्ता लिई जानकारीहरु हासिल गरिएको छ । दैनिक पत्रपत्रिकाहरूमा प्रकाशित समाचार, लेख, रचना, सम्पादकीय आदिको अध्ययन विश्लेषण गरिएको छ । यसरी लिइएको अन्तर्वार्ताबाट अनुसन्धानका लागि चाहिने प्रशस्त प्राथमिक सूचनाहरू प्राप्त गर्न सम्भव भयो र तिनै तथ्यहरु यस अनुसन्धानमा समावेश गरिएको छ । यस शोधकार्यका लागि विभिन्न व्यक्तित्वहरुसँग लिइएको अन्तर्वार्ता कार्य तालिका निम्नानुसार तालिका २ प्रस्तुत गरिएको छ ।

**तालिका २ अन्तर्वार्ता सूची**

| क्र.स. | उद्देश्य | सूचनाको स्रोत | साधन | अन्तर्वार्तामा सहभागिको संख्या | समय |
|---|---|---|---|---|---|
| १. | कटवालको ऐतिहासिक पृष्ठभूमि पत्ता लगाउँने | शैलेश्वरी र त्रिवेणी एफ.एम.का स्टेशन म्यानेजर, बिम्ब साप्ताहिक | अन्तर्वार्ता तथा व्यक्तिगत भेटघाट । | ३ जना | २०७७/०७/१० |
| २. | कटवालको वर्तमान अवस्था पत्ता लगाउनु | पूर्वीचौकी गा.पा. र दि.सि. न.पा.का विभिन्न वडाका कटवालका बारेमा जानकार व्यक्तिहरु । | अन्तर्वार्ता, व्यक्तिगत भेटघाट, छलफल । | ५ जना | २०७७/०९/२५ |
| ३ | डोटीको सञ्चार क्षेत्रमा कटवालको प्रयोगको अवस्था पत्ता लगाउँने । | कटवालका बारेमा जानकारी राख्ने पूर्वीचौकी गा.पा.र दि.सि.न.पा.का छनोट गरिएका उत्तरदाताहरू । | अन्तर्वार्ता, व्यक्तिगत भेटघाट, समूहगत छलफल । | ३ जना | २०७७/१२/२३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | कटवाल समाजमा कायम रहनुको कारण पत्ता लगाउँने । | पत्रकार महासंघ डोटी शाखाका प्रमुख, त्रिवेणी र शैलेश्वरी एफ.एम. का स्टेशन म्यानेजर लगायत पत्रकारितासँग सम्वन्धित विभिन्न व्यक्तिहरु । | व्यक्तिगत भेटघाट, अन्तर्वार्ता, साक्षात्कार । | ४ जना | २०७८/०७/१७ |

तालिका २ मा उल्लेख भए अनुसार यस अध्ययनका लागि विभिन्न व्यक्तिहरुसँग अन्तर्वार्ता लिने काम २०७७ साल कार्तिक महिनादेखि सुरु गरिएको हो । साथै समय र परिवेश अनुसार विभिन्न समयमा अन्तर्वार्ता लिई तथ्य प्रमाणहरुलाई पुष्टि गर्ने कार्य गरिएको छ ।

# अध्याय - चार

## तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

## ४ अध्ययन क्षेत्रको परिचय तथा कटवाल सञ्चार विधिको अवस्था

अध्ययनको वस्तुनिष्ठता बढाउन अध्ययन क्षेत्रको परिचय गर्नु उचित हुने तथ्य मनन् गर्दै अध्ययन क्षेत्रको परिचय शीर्षकलाई समावेश गरिएको छ । अध्ययन क्षेत्रको सामान्य ऐतिहासिक पृष्ठभूमि, भौगोलिक अवस्थाका साथै यहाँ वसोवास गर्ने विभिन्न व्यक्तिहरु, अध्ययन क्षेत्रको चार किल्ला आदिका बारेमा यस खण्डमा उल्लेख गरिएको छ । त्यसका साथै कटवाल सञ्चार विधि विगत र वर्तमान अवस्थाका बारेमा यस अध्यायमा चर्चा गरिएको छ । यस कार्यले अध्ययन क्षेत्रको परिचय खुल्नुका साथै विगतमा कटवाल कुन अवस्थामा थियो र हाल कुन अवस्थामा प्रयोगमा रहेको छ भन्ने कुरा शोधपत्रमा समेटिएको छ ब।

## ४.१. डोटी जिल्लाको सामान्य परिचय

डोटी जिल्लाको सदरमुकाम सिलगढी राणाकालिन गौणाको रुपमा परिचित थियो । वि.सं. २०३८ सालमा दिपायललाई तत्कालिन सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम तोकियो । साविकमा यस जिल्लामा ५० वटा गाउँ विकास समितिहरु र एक नगरपालिका थिए । नयाँ संरचना अनुसार डोटी जिल्लालाई ७ गाउँपालिका र २ नगरपालिका कायम गरिएको छ । हाल संघीय निर्वाचन क्षेत्र १ र प्रदेश निर्वाचन क्षेत्र २ रहेका छन् । यो जिल्लाको पूर्वमा अछाम र सुर्खेत, पश्चिममा डडेल्धुरा र वैतडी उत्तरमा वझाङ जिल्ला, दक्षिणी क्षेत्रमा कैलाली जिल्ला पर्दछन् ।

यस जिल्लामा बसोबास गर्ने विभिन्न जातजातीहरुको आ-आफ्नै रितीथीतिहरु छन् । सडक यातायातको सञ्जालमा पञ्चायतकालदेखि नै जोडिएको थियो (डोटी स्मारिका : २०७७) ।

### ४.१.१. पूर्वीचौकी गाउँपालिकाको परिचय

जिल्ला सदरमुकामभन्दा पूर्वी भेगमा पर्ने पूर्वीचौकी गा.पा.लाई तत्कालिन डोटी राज्यका राजा आफू दिपायलमा बस्ने र दिपायलदेखि पूर्वी क्षेत्रको सुरक्षा गर्ने, सूचना दिने र चौकोसी चलाउनका लागि क्षेत्र तोकी जिम्मा दिएको र त्यस क्षेत्रलाई पूर्वीचौकी भनिएको हो भन्ने भनाइ छ । अर्को भनाइ अनुसार राजा महेन्द्रले २०१८ साल बैशाख १ गते नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा प्रशासनिक बिभाजन गर्दा डोटीबाट अछाम छुट्टियो । यसरी अछाम अलग जिल्ला भएपछि डोटी जिल्लाको पूर्वको भागलाई पूर्वीचौकी र पश्चिम भागलाई पश्चिम चौकी भन्ने गरियो । त्यतिबेला बाक्लो बस्ती भएको ठाउँलाई दर्रा, गर्खा, चौकी जस्ता नाम दिने चलन रहेको थियो ।

नेपालको संविधान बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थानीय तह पुनःसंरचना आयोगको सिफारिस वमोजिम वि.सं. २०७३ सालमा साविकका ६ ( खिरसैन, गैरागाउँ, गाजरी, पोखरी, काडामाण्डौं, सानागाउँ) गाउँ विकास समिति र वगलेक गा.वि.स.का १ देखि ७ सम्मका वडाहरु सामेल गरी पूर्वीचौकी गाउँपालिकाको पुनःसंरचना गरिएको थियो । साविकका प्रायजसो गाउँ विकास समितिलाई हालको गाउँपालिकाको वडा बनाइएको छ । वगलेक गाविसका ७ वटा वडा मिलाएर एक वडा बनाइएको छ । वि.सं. २०७३ सालको स्थानीय तहको नयाँ संरचना अनुसार पूर्वीचौकी गा.पा.मा वडा संख्या ७ रहेको छ भने कुल क्षेत्रफल ११७.६५ वर्ग किलोमिटर रहेको छ । यस गा.पा.को सिमाना पूर्वमा अछाम जिल्ला, पश्चिममा दिपायल सिलगढी न.पा. र उत्तरमा सायल गा.पा.सम्म फैलिएको छ ।

### ४.१.२. दिपायल सिलगढी नगरपालिकाको परिचय

विगतमा सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम रहेको दिपायल सिलगढी नगरपालिका तत्कालिन बाइसे, चौबिसे राज्यकालमा डोटी प्रदेश एवम् डोटी राज्यको नामले चर्चित रहेको थियो । राणाकालमा डोटी गौणाको नामले सिलगढीमा प्रशासनिक केन्द्र स्थापना भई अछाम, वभाङ्ग, बाजुरा, जुम्ला र बैतडीसम्मको प्रशासनिक कार्य सिलगढीस्थित गौंडावाट संचालन हुने गरेको थियो । हालको दिपायल दिल्पेश्वर मठ रहेको स्थानमा राजा दिलिपको दरबार एवम् तपस्या स्थल रहेको थियो । यिनै राजा दिलिपको नामबाट दिपायल नामाकरण गरिएको मान्यता छ । शैलेश्वरीको पौराणिक नाम शिलादेवी रहेको र हाल नेपाली सेनाको रुद्रध्वज गण रहेको स्थानमा राष्ट्रिय विभूति स्व.अमर सिंह थापाले ढुङ्गा अर्थात् शिलाहरु जम्मा गरी गढी निर्माण भएको हुँदा शिलाको गढीबाट सिलगढी भएको हो भन्ने मान्यता रहेको छ । यसरी दिपायल र सिलगढीलाई समेटेर नगरपालिका क्षेत्र तोकिएकाले यस नगरपालिकाको नाम दिपायल सिलगढी नगरपालिका नामकरण गरिएको हो ।

वि.सं. २०३८ सालमा कोटभैरव र तिखा गाउँ पञ्चायतका केही बस्तीहरु मिलाएर प्रारम्भमा दिपायल नगर पञ्चायत र पछि बि.सं. २०४८ सालमा साविक भमरडाँडा र तिखा गाविस मिसाएर १४ वटा वडाहरु कायम गरी दिपायल सिलगढी नगरपालिका बनाइएको थियो । स्थानीय तह पुन:संरचना आयोगको सिफारिस वमोजिम वि.सं.२०७३ सालमा साविक लडागडा गाविस, कलेना गाविसका पुरै वडाहरु तथा खातिवडा गाविसका वडा नं. ४, ५, ६ र वगलेक गाविसका ८ र ९ वडा समेतलाई मिलाएर दिपायल सिलगढी नगरपालिकामा हाल ९ वटा वडाहरु कायम रहेका छन् ।

### ४.२. २०४७ साल पूर्व डोटी जिल्लामा कटवाल सञ्चार विधि प्रयोगको अवस्था

तीन लाख बर्ष अघिदेखि शुरुभएको मानवीय सञ्चारलाई करिब पैंतीस हजार बर्ष अघिका गुफावासी मानिसहरुले बोलेर वा लेखेर सञ्चार गर्ने प्रयास गर्दै मौखिक भाषिक सञ्चारको युगमा प्रवेश गराएपछि तीस हजार बर्षअघिसम्म गुफा वा गृहकला नै सञ्चार र अभिव्यक्तिका प्रमुख साधन रहे भने मेसोपोटामियास्थित सुमेरका बासिन्दा वा सुमेरियनहरुद्वारा इसापूर्व तीन हजार बर्षजति अगाडिमात्र सङ्केत र स्वरलिपिको प्रारम्भिक विकास गरे पश्चात पल-पल घट्ने घटनाहरुका बारेमा थाहा पाउन समाजले अनेक तौर तरिकाहरु प्रयोगमा ल्याएका छन् (चालिसे, २०६४)।

स्वर लिपिमा आधारित सञ्चारका कयौ विधिहरु नेपालमा पनि परापूर्व कालदेखि नै अस्तित्वमा रहेको पाइन्छ तर औपचारिक रुपमा भने कटवाल सञ्चार विधि लिच्छवी कालदेखि चल्दै आएको मान्न सकिन्छ  (आचार्य र लुईटेल, २०६९)। वाईसे चौविसे राज्यका राजा रजौटाहरुको समयमा कोतको रेखदेख गर्ने ब्यक्तिले राजाहरुको खबरलाई भाइ भारदारहरु समक्ष पुऱ्याउने गरेको इतिहासमा भेटिन्छ। तत्पश्चात वि.सं. १६१६ मा कास्कीको वेगनास गाउँमा सैनिक अखडा खडा गरी कोटवाल दर्जा सृजना गरी सो पदमा योग्य व्यक्ति नियुक्त गरेको र त्यसको काम नै सञ्चार माध्यमको कार्य रहेको इतिहास भेटिन्छ। त्यस वखत कटवाल घोक्ने काम ब्राह्मणद्वारा गर्ने गरेको र पछि मात्र दलित समुदायलाई सुम्पिएको तथ्य भेटिन्छ। त्यस पश्चात सरकारी कर्मचारी सरह नै मान्यता दिई कटवाल नियुक्त गर्ने र उनीहरुको  काम प्रशासनिक मान्यता पाएका व्यक्तिले दिएका सूचनाहरु सर्वसाधारणसम्म पुऱ्याउनु पर्ने हुन्थ्यो।

राजा पृथ्वीनारायण शाहको शासनकाल देखि २०४७ सालसम्म नेपालका प्राय सवै गाउँहरुमा कटवाल सञ्चार विधि कायम थियो। नेपालमा पत्रपत्रिकाहरु, टिभी, रेडियोको विकास पूर्व समाजमा सूचना प्रवाह गर्ने एक प्रमुख सञ्चार विधिहरु मध्यको कटवाल पनि एक सञ्चार विधि थियो।

तत्कालिन समाजको आवश्यकता, औचित्य, प्रविधिको विकास अभावका कारण एकै ठाउँमा उभिएर वा विभिन्न स्थानमा गएर उच्च स्वरमा कराउँदै सूचनाहरु भन्ने परम्परा थियो ।

त्यस्तै कटवाल हुने व्यक्तिको निधन पछि सो पेसा उनका सन्तान (भाइ छोरा) ले गर्ने चलन रहेको विभिन्न पुस्तकहरुमा उल्लेख गरेको पाइन्छ । समुदायलाई सुसूचित गर्ने कार्य गरेवाफत कटवालहरुले पारिश्रमिक स्वरुप हरेक घरबाट वार्षिक रुपमा खाद्यान्न पाउँथे जसलाई कटवाले पाथी भनिन्थ्यो । कटवालको प्रमुख काम समुदायका मानिसहरुलाई खबर गर्ने हुन्थ्यो, त्यसका अलावा विभिन्न सामाजिक कामहरुमा सहभागी हुने र मानिसहरुलाई विभिन्न सामाजिक कार्यमा सरिक गराउने पनि हुन्थ्यो । विषेश गरी राजा पृथ्वी नारायण शाहको शासनकालदेखि कटवाल सञ्चार विधि व्यापक रुपमा प्रयोगमा आयो । त्यस बखत प्रत्येक गाउँमा एकजना कटवाल र एक जना मुखिया अनिवार्य रुपमा हुन्थे । वर्तमान समयमा आएर कटवाल सञ्चार विधिको प्रयोग घट्दो अवस्थामा छ । २०४७ पूर्व प्राय: सबै गाउँमा प्रयोगमा रहेको कटवाल सञ्चार विधि त्यसपछि घट्दो अवस्थामा देखिन्छ । जुन निम्न तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ३ अध्ययन क्षेत्रमा २०४७ साल पूर्व कटवाल सञ्चार विधि प्रयोगको अवस्था**

| क्र.स. | वडा नं. | पूर्वीचौकी गा.पा. | | दिपायल सिलगढी न.पा. | | कै. |
|---|---|---|---|---|---|---|
| | | जम्मा गाउँ | कटवाल सञ्चार विधि परम्परागत रुपमा प्रयोग रहेका गाउँ | कुल गाउँ | कटवाल सञ्चार विधि परम्परागत रुपमा प्रयोग रहेका गाउँ | |
| १ | १ | १३ | १३ | ९ | ९ | |
| २ | २ | ५ | ५ | ५ | ५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | ३ | १० | १० | ३ | ३ | |
| ४ | ४ | १२ | १२ | २ | २ | |
| ५ | ५ | ९ | ९ | ६ | ६ | |
| ६ | ६ | ६ | ६ | १ | १ | |
| ७ | ७ | ६ | ६ | १० | १० | |
| ८ | ८ | -- | -- | ९ | ९ | |
| ९ | ९ | -- | -- | ८ | ८ | |

स्रोत : स्थलगत सर्वेक्षण २०७७।

माथिको तालिकाबाट पूर्वीचौकी गा.पा.मा २०४७ साल भन्दा पहिले कटवाल सचार विधि परम्परागत अवस्थामै कायम थियो भन्ने देखिन्छ। उक्त गा.पा.का जम्मा ६१ वटै गाउँहरुमा कटवाल चयन गरिएका हुन्थे। चयन भएका ती कटवालले गाउँ-गाउँमा सूचना दिने गर्थे। त्यतिवेला कटवालले खबर गर्नु पूर्व समुदायका मानिसहरुको ध्यानाकर्षित गर्न परम्परागत बाजाहरु प्रयोग गर्थे। त्यस्तै दिपायल सिलगढी नगरपालिकाका प्रायः सवै गाउँमा पनि कटवाल सञ्चार विधि परम्परागत अवस्थमै कायम रहेको भन्ने देखिन्छ। तर उक्त नगरपालिकाको सहरी क्षेत्रमा भने कटवाल सञ्चार विधि प्रयोगमा रहेको पाइँदैन। पूर्वीचौकी गाउँपालिका जस्तै दिपायल सिलगढी नगरपालिकामा पनि कटवालले समुदायलाई खबर गर्नुपूर्व ध्यान आकर्षित गर्न विभिन्न बाजाहरु जस्तैः ढोलक, कर्नाल, भोकर आदिको पनि प्रयोग हुने गरेको पाइयो। समग्रमा २०४७ सालभन्दा

पहिले पूर्वीचौकी गा.पा. र दिपायल सिलगढी न.पा.का प्रायः सवै गाउँहरुमा कटवाल सञ्चार विधि परम्परागत अवस्थामा प्रयोगमा रहेको पाइयो ।

## ४.३. २०४७ साल पछि डोटी जिल्लामा कटवाल सञ्चार विधि प्रयोगको अवस्था

समाज गतिशील सिद्धान्तमा आधारित छ । पल-पल घटिरहेका घटनाहरुका बारेमा जानकारी पाउन मानिसहरु अग्रसर हुन्छ र सोही अनुसार समाजिक स्वरुप पनि परिवर्तन हुन्छ । २०४७ साल पछि डोटी जिल्लामा बस्तीको स्थितिका आधारमा कटवाल सञ्चार विधि फरक-फरक अवस्थामा रहेको पाइयो । कुनै ठाउँमा दुइ वटा गाउँका लागि एक जना कटवालेको ब्यवस्था गरिएको छ भने कुनै ठाउँमा एक गाउँमा एक जना कटवाले राखेर सूचना सञ्चार गरेको पाइन्छ । जहाँ दुई गाउँका लागि एक जना कटवाले तोकिएको हुन्छ त्यो गाउँमा एक जनाले नै दुवै गाउँको अलग-अलग स्थानमा गएर खबर गर्ने गर्छन् भने जुन गाउँमा एक जना कटवाल तोकिएको छ त्यहाँ पूर्व निर्धारित कुनै उच्च स्थानमा गएर पुरै समुदायले सुन्ने गरी खबर सुनाउने वा गाउँभरि डुलेर खबर गर्ने गर्छन ।

भौगोलिक अवस्था तथा सामाजिक र सस्कृतिक परिवेश अनुसार फरक-फरक स्वरुपमा कटवाल सञ्चार विधि प्रयोगमा रहेको भए तापनि कराएर वा आवाज मार्फत सूचना सार्वजनिक गर्ने साझा विशेषतामा भने फरक पाइँदैन । कटवाल सञ्चार विधिमा प्रयोग हुने परम्परागत बाजा भने परिवर्तन भएका छन् । कोरोना महामारी (२०७७) को समयमा दिपायल सिलगढी नगरपालिकाले कुनै एक जना मानिसलाई माइक दिई उक्त नगरपालिको वडा नं. ६ स्थित टुडिखेलबाट कोरोनाबाट वच्ने सन्देशमुलक सूचनाहरु भन्न लगाउँने कार्यले पनि कटवालको परम्परागत अवस्था वा सञ्चार शैलीमा फरक परेको पुष्ठि हुन्छ । यस अनुसन्धानमा समेटिएका एक नगरपालिका र एक गाउँपालिकामा कटवालको प्रयोगको अवस्था निम्नानुसार विस्तृत रुपमा उल्लेख गरिएको छ :

### ४.३.१. पूर्वीचौकी गा.पा.मा कटवाल प्रयोगको अवस्था

पूर्वीचौकी गा.पा. डोटी जिल्लाको पूर्वी भेगमा पर्ने ग्रामीण समुदायको बसोवास रहेको गाउँपालिका हो । यो गाउँपालिका अछाम जिल्लासँग जोडिंएको छ । यस गा.पा.मा विभिन्न जातजाती, समुदाय, वर्गका मानिसहरु वसोवास गर्ने गर्दछन । ती विभिन्न जातजातीले आफ्ना रीति र धर्म अनुसार विभिन्न प्रकारका चाडपर्वहरु मनाउँने गरेका छन् । स्थानीय स्तरमा सूचनाहरु सञ्चार गर्न विभिन्न परम्परागत सञ्चार विधिहरुको प्रयोग हुने गरेको छ । यस गा.पा.मा प्रयोगमा आउने सञ्चार विधि मध्ये कटवाल सञ्चार विधि प्रमुख हो । यसै सञ्चार विधिको प्रयोगको अवस्थाका बारेमा प्राप्त तथ्यहरुलाई यस अध्यायमा समावेश गरिएको छ ।

**क**) पूर्वीचौकी गा.पा.को वडा नं. १ मा जम्मा १३ गाउँ छन, ति सवै गाउँहरुमा कटवाल सञ्चार विधि प्रयोग गरी सूचना सम्प्रेशण गर्ने काम गरिरहेका छन् । कुनै ठाँउमा दुइ गाउँको एक जना र कुनै ठाउँमा तीन गाउँको लागि एक जना कटवाल छनौट गरि सूचना दिने जिम्मा दिएको पाइएको छ । तल्लो फुलौट र मल्लो फुलौटमा एक जना रहेको छ भने वेलडाडा, बारी गाउँ, पारी गाउँका लागि एक जना कटवाल रहेका छन् । यो सञ्चार विधि राणा कालदेखि नै चल्दै आएको कटवाल सञ्चार विधि अन्तरगत कटवालले गाउँको अग्लो स्थानमा गएर सबै गाउँका मानिसहरुले सुन्ने गरी मुखियाको खबर, चाडपर्वहरुको खबर, कुनै सामाजिक कार्यको जानकारी दिने गरेका छन् । उनिहरुले खबर सुनाए वाफत कटवाले पाथी पाउने गरेका छन् (अंक बहादुर खडका : २०७७ अन्तर्वार्ता ) ।

**ख**) पूर्वीचौकी गा.पा.को वडा नं. २ मा जम्मा ५ वटा गाउँ मध्ये विष्टगाउँ र रिखडामा परम्परागत स्वरुपमै कटवाल सञ्चार विधि प्रयोगमा रहेको छ भने अन्य गाउँहरुमा आवश्यकता अनुसार जुनसुकैले व्यक्तिले आवश्यकता अनुसार उच्च आवाजमा खवर गर्ने प्रचलन रहेको स्थानीय टेक नेपाली बताउँछन् । उनका अनुसार सामाजिक कामकाजहरु ठुलो स्वरमा खबर गर्ने चलन भने सवै

गाउँमा छ । सरकारी कामकाज (खोप लगाउँने, विद्यार्थी भर्ना अभियान) लगायतको जानकारी गर्न महिला स्वास्थ्य स्वयं-सेविका र स्थानीय कटवालेले ठुलो स्वरमा कराएर खबर गर्ने गरेका छन् (टेक नेपाली : २०७७ अन्तर्वार्ता) ।

**ग)** वडा नं. ३ मा रहेका १० वटा गाउँहरु मध्ये कुनैपनि गाउँमा कटवाल सञ्चार विधि नरहेको स्थानीय अमर बहादुर चयडाले बताएपनि आवश्यकता अनुसार डाँको लगायर खबर गर्ने चलन अधिकांस गाउँहरुमा छ । गैरागाउँ, धामीठाटा, चवला लगायतका गाउँहरुमा वनजङ्गल सम्वन्धी कार्य (दाउरा कटानी खुलेको, स्याउला सोतर खुलेको) आदिको खबर गर्न परम्परागत अवस्थामै कटवालको प्रयोग हुने गरेको वडा नं. ३ गैरागाउँका बजिर दमाई बताउँछन् । यस वडामा सामाजिक कार्यको खबर गर्दा आर्थिक लाभ नलिई गाउँलेहरुलाई खबर सुनाउने गरेको पाइन्छ । तर कुनै-कुनै समयमा जस्तैः वडामा बैठक बस्नु परेमा, चाडपर्वहरुको खबर गर्नु परेमा, कुनै सामाजिक कार्यको जानकारी दिनु परेमा गाउँको कटुवाल वा कुनै एक जनालाई फोन सम्पर्क गरी अन्य व्यक्तिलाई खबर गर्न लगाउँने गरेको पनि पाइन्छ । यस आधारमा कटवालको परम्परागत अवस्थामा परिवर्तन हुँदै आएको मान्न सकिन्छ (अम्मर बहादुर चयडा र वजिर दमाई : २०७७ अन्तर्वार्ता) ।

**घ)** वडा नं. ४ मा जम्मा १२ गाउँ छन । उल्लिखित गाउँहरुमध्य १० वटा गाउँमा परम्परागत अवस्थामै कटवाल सञ्चार विधि प्रयोग भइरहेको छ भने दुइवटा गाउँमा कटवाल सञ्चार विधिको अवस्थामा भने परिवर्तन आएको छ । रिनकोट र चौखुट्टेमा सूचना आदान प्रदान गर्दा जोसुकैले डाँको लगाउँने गरेको सो वडाका स्थानीय नवराज खडका बताउँछन् । कटवाल सञ्चार विधि बुवा वाजेको पालादेखि चल्दै आएको भएपनि कहिलेदेखि कुन अवस्थाबाट प्रयोगमा आएको हो सो भन्न नसकिने पूर्वीचौकी गा.पा.वडा नं. ४ का देव बहादुर खडका बताउँछन् । बैठक बस्नु परेमा,

चाडपर्वहरुको खबर गर्नु परेमा, कुनै सामाजिक कार्यको जानकारी दिनुपरेमा कटवालले परम्परागत रुपमै गाउँको अग्लो स्थानमा गएर गाउँका सबै मानिसहरुले सुन्ने गरी जानकारी दिने गर्छन । कटवालेहरुलाई विवाह, ब्रतवन्ध जस्ता सामाजिक कार्यहरुमा पुरस्कार स्वरुप लुगा कपडाहरु पनि पाउने गरेका छन् । साविकको सानागाउँ गा.वि.स.को वडा नं. ४ र ५ तथा वडा नं. ६ र ७ मा कटवालेले गाउँमा सूचना दिने कार्य गरेवाफत कटवाले पाथी दिने चलन पुरानै अवस्थामा प्रयोगमा रहेको पाइन्छ । खडकाका अनुसार उक्त वडाहरुमा एफ.एम. भन्दा कटवालले गरेको खबरलाई भरपर्दो र विश्वासिलो मान्छन् (देव बहादुर खडका : २०७७ अन्तर्वार्ता ) ।

**ङ**) पूर्वीचौकी गा.पा.को वडा नं. ५ मा जम्मा ९ वटा गाउँहरु छन् । ९ वटा गाउँहरुमध्ये बोगटी गाउँ, धानुकाडा, बेटला गाउँ, उपरकाडा लगायतका गाउँहरुमा कटवाल मार्फत खबर गर्ने प्रचलन् पुरानै अवस्थामा कटवाल सञ्चार बिधि प्रयोगमा रहेको नन्दकुमार आले बताउँछन् । कटवालले खबर सुनाएवाफत प्रत्येक घरधुरीबाट १ सुप्पो (करिव ४ पाथी) अनाज पाउँछन आलेको भनाइ छ । कटवाल सञ्चार विधि समय अनुसार रुपान्तरण हुँदै गएको पनि छ । कटवाले हुने ब्यक्ति प्रायः दलित परिवारबाट हुने पुरानै अवस्था कायमै रहनुको कारण के होला भन्ने प्रश्नको जवाफमा स्थानीय पदम बहादुर धानुक बताउँछन् “दलित परिवारका मानिसहरु ईमान्दार र आर्थिक रुपमा विपन्न हुने भएकाले काम गर्न अस्विकार नगर्ने र उनीहरुको आर्थिकोपार्जन पनि हुने भएकाले दलित परिबारको सदस्यबाट छनोट गर्ने गरेको तर हाल दलितबाटमात्र नभई गैरदलितबाट पनि कटवाले हुने गरेको छ” (नन्दकुमार आले र पदम बहादुर धानुक : २०७७ अन्तर्वार्ता) ।

**च**) पूर्वीचौकी गा.पा.को वडा नं. ६ मा जम्मा ६ गाउँहरु छन् । त्यस वडामा पनि कटवालले सूचना सम्प्रेषणमा ज्यादै महत्वपूर्ण र सकारात्मक भूमिका खेलेको स्थानीय कुवेर खडका बताउँछन् । कुनै कुनै गाउँमा कटवाल परम्परागत स्वरुपमै प्रयोगमा रहेको छ भने कुनै गाउँमा कटवाल सञ्चार

विधि समय अनुसार रुपान्तरण हुँदै गएको छ । पहिले कटवाले हुने ब्यक्ति प्रायः दलित परिवारबाट हुन्थे तर आजभोली पहिले जस्तो छैन । कटवालको पुरानो अवस्थामा सुधार भएको छ भन्छन कुवेर खडका । परम्परागत रुपमा हुने मुखिया, कटवाले चलन आजभोली हट्दै गएको छ तर गाउँ टोलमा खबर गर्नु पर्दा जुनसुकै व्यक्तिले उच्च स्वरमा कराएर खबर गर्ने अवस्था भने कायमै रहेको छ । त्यसका साथै टेलिफोन सुविधा आएपछि त्यसको पनि प्रयोग वढदै गएको प्रकाश साउदको भनाइ छ (कुवेर खडका र प्रकाश साउद : २०७७, अन्तर्वार्ता) ।

**छ)** पूर्वीचौकी गा.पा.वडा नं. ७ मा पनि कटवाल सञ्चार विधि प्रयोगमा रहेको छ । वडा नं. ७ मा रहेका जम्मा ६ गाउँमध्ये ४ गाउँहरुमा परम्परागत अवस्थामा नै कटवाल सञ्चार विधि प्रयोगमा रहेको छ । यस पालिकाका अन्य वडाहरुमा जस्तै वडा नं. ७ मा पनि कटवालले सूचना सम्प्रेषणमा सकारात्मक भूमिका खेलेको छ । स्थानीय देव बहादुर थापाका अनुसार कटवाल सञ्चार विधि पुरानो अवस्थाबाट रुपान्तरण हुँदै आएको छ । तैपनि धेरै गाउँहरुमा परम्परागत रुपमै कटवाल कायम छ । पहिलेदेखि कटवाल हुँदै आएका परिवारका व्यक्ति नै कटवाल हुने, कटवाल भएवाफत अनाज ( खाद्यन्न) पाउने पुरानै अवस्था हो । तर टेलिफोन सुविधा आएपछि ठुलो स्वरमा खबर गर्ने प्रचलन्मा केही कमी आएको भए पनि कटवालेहरुले सूचना सञ्चारमा महत्वपूर्ण भूमिका खेलेको स्थानीय देव बहादुर थापाको भनाइ छ (देव बहादुर थापा : २०७७, अन्तर्वार्ता) ।

**४.३.२ दिपायल सिलगढी न.पा.मा कटवाल प्रयोगको अवस्था**

दिपायल सिलगढी नगरपालिकामा जम्मा ९ (नौ) वडाहरु रहेका छन् । ९ वडाहरु मध्य वडा नं. ३, ४ र ६ सहरी, वडा नं. २ र ५ मा मिश्रित र अन्य वडाहरुमा ग्रामीण बस्ती रहेको छ । सहरी बस्तीको परम्परा, शैलीहरु प्रभावित भईरहेको हुन्छन र ग्रमीण बस्तीमा परम्परागत तथा मौलिक शैलीहरु कायम रहेको पाइन्छ । त्यस्तै ग्रामीण भन्दा सहरी बस्तीमा परिवर्तन पनि छिटो छिटो हुने

गर्छ । त्यस्तो परिवर्तनले कटवाल सञ्चार विधिको अवस्थामा के कस्तो प्रभाव परेको छ भन्ने विषयमा पत्ता लगाउँन स्थानीय स्तरमै गएर अध्ययन गरिएको छ । उक्त कार्यबाट प्राप्त भएका तथ्य तथ्याङ्कहरुलाई तपसिल बमोजिम उल्लेख गरिएको छ :

**क**) दिपायल सिलगढी नगरपालिका वाड नं. १ मा रहेका जम्मा ९ वटा गाउँहरुमा कटवाल सञ्चार विधि परम्परागत अवस्थामै प्रयोगमा रहेको छ । देवि देवताको पूजा, सार्वजनिक काम गर्न, पर्व तथा मेला महोत्सवको खबर गर्न, सरकारी कामकाज गर्न कटवालहरुले कराएर सुसूचित गर्ने चलन रहेको स्थानीय कृष्ण बहादुर खडका बताउँछन् । यस वडामा रहेको माथिल्लो तिखा गाउँमा चन्वा लुहार, तल्लो तिखा गाउँमा शिवी लुहार, गोदडामा दानी ढोलीले कटवाल भएर काम गर्ने गरेका छन् । यसैगरी अन्य गाउँहरुमा पनि कटवालहरु रहेको उनको भनाइ छ । खडकाका अनुसार कटवालले स्थानीयलाई खबर गरेवाफत कटुवाले पाथी दिने चलन पनि परम्परागत अवस्थामै छ । कटवालले ज्याला वाफत अनाज पाउँछन् (कृष्ण खडका : २०७७ अन्तर्वार्ता) ।

**ख**) दिपायल सिलगढी नगरपालिकाको वडा नं. २ मा मिश्रित बस्ती रहेको छ । यस वडाका ५ वटै गाउँहरुमा कटवालले सञ्चारको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ भने दिपायलको एयरपोर्ट बजार लगायतका क्षेत्रमा कटवालको परम्परागत अवस्थामा परिवर्तन आएको छ । त्यस क्षेत्रमा कटवालले घोक लगाएर खबर सुनाउनुको सट्टा सवारी साधनमा हाते माइक तथा डि.जे.(ध्वनीवर्धक यन्त्र)को सहायताले सन्देशहरु बजाउदै जाने गरेका छन् स्थानीय केशर कठायतका अनुसार कटवाल सदियौंदेखि चल्दै आएको मौलिक सञ्चार गर्ने विधि हो र हाल पनि कुनै न कुनै रुपमा प्रयोगमा रहेको छ । आजभोली प्रयोगमा रहेका समाजिक सञ्जाल र रेडियोहरुको माध्यमबाट आउने सन्देश भन्दा कटवालले सुनाएको खबरलाई विश्वास गर्ने गरेको कठायतको भनाइ छ । यो सस्तो पनि छ र नपढेका तथा नेपाली भाषा नजान्नेहरुका लागि पनि उत्तिकै प्रभावकारी रहेको छ । कटवाल सञ्चार

विधि कुनै गाउँमा पुरानै अवस्थामा प्रयोगमा छ तर सहरीकरण भईरहेका बस्तीहरुमा पुरानो अवस्थाबाट नयाँ शैलीमा रुपान्तरण भएको छ (केशर सिं कठायत : २०७७ अन्तर्वार्ता) ।

**ग)** दिपायल सिलगढी नगरपालिका वडा नं. ३ मा जम्मा १२ वटा गाउँहरु रहेका छन् । ती गाउँहरुमा परम्परागत रुपमा चल्दै आएको कटवाल नभए पनि सामाजिक (सार्वजनिक) सूचनाहरु प्रवाह गर्न लिखित सूचना जारी गर्ने, पढ्न लेख्न जान्ने मान्छेहरुले आफूले अखबारबाट खबर थाहा पाएपछि नजान्ने मान्छेहरुलाई खबर गर्ने प्रचलन् पाइन्छ । दिपायल सिलगढी नगरपालिका वडा नं. ३ मा आजभोलि यो कटवाल हराएको स्थानीय कर्ण द्वारीया बताउँछन् । हाते माइकको सहायताले टोल टोलमा गएर खबर प्रदान गर्ने प्रचलन् भने रहेको र यो कटवालकै बदलिँदो अवस्था भएको द्वारीयाको भनाइ छ । यद्यपी गाउँ घरमा सामाजिक काम (कुलो खोली) गर्दा बाजा वजाएर खबर गर्ने र कुलोखोली कामको जानकारी गर्दा जुनसुकै मानिसले कराएर दिने प्रचलन् छ । त्यसका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय सूचना थाहा पाउन रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालहरुको प्रयोग गर्ने परिपाटी पनि बढ्दो अवस्थामा छ (कर्ण द्वारीया : २०७७ अन्तर्वार्ता) ।

**घ)** दिपायल सिलगढी नगरपालिकाको वडा नं. ४ मा मिश्रित बस्ती छ । ग्रामीण बस्ती भन्दा सहरी बस्ती रहन-सहन, लवाइ-खवाइ, रितिरिवाज, जीवन जिउने तौर-तरिका तथा सार्वजनिक महत्वका विषयको खबर आदान प्रदान गर्ने तरिकामा पनि भिन्नता छ । सहरी क्षेत्रमा भएका विभिन्न परिवर्तनसँगै कटवालको परम्परागत अवस्थमा परिवर्तन आएको छ । गाउँघरमा जस्तो कटवालले खबर सुनाउँदा गाउँको अग्लो स्थानमा गएर कराउने नभई कुनै निश्चित स्थानमा गएर हाते माइकको सहायतले जुनसुकै व्यक्तिले खबर भन्ने तथा बजाउने शैलीमा विकास हुँदै गएको छ । वडा नं ४ को पिपल्ला तथा राजपुर बजार क्षेत्रमा डि.जे. (ध्वनीवर्धक यन्त्र) बजाएर खबर गर्ने प्रचलन् रहेको छ । कुमालिकोट क्षेत्रमा कटवाल ठुलो स्वरमा खबर गर्ने प्रचलन् प्रयोगमा रहेको

साथै डि.जे. (ध्वनीवर्धक यन्त्र) बजाएर खबर गर्ने प्रचलन् पनि प्रयोगमा आइरहेको स्थानीय प्रेम बहादुर शाह बताउँछन् । राष्ट्रिय तथा अन्तराष्ट्रिय सूचना थाहा पाउन रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालहरुको प्रयोग पनि गर्ने गरेको पाइन्छ (प्रेम बहादुर शाह : २०७७ अन्तर्वार्ता) ।

**ङ)** दिपायल सिलगढी नगरपालिका वडा नं. ५ मा ६ वटा गाउँहरु रहेका छन् । ती गाउँहरुमा पनि कटवाल सञ्चार विधि परम्परागत अवस्था (कटवाल छनोट गर्ने, सूचना भन्दा अग्लो स्थानमा गएर उच्च स्वरमा खबर गर्ने, ज्यालाको रुपमा अन्नवाली दिने) बाट रुपान्तरण भएको छ तर पनि समुदायका कुनै एकजना मानिसले गाउँको उच्च स्वरमा कराएर खबर गर्ने चलन भने कायमै छ । हाते माइकको सहायतले टोल टोलमा गएर खबरहरु भन्ने पनि गरिन्छ । त्यसका साथै मोबाइल फोनको सहायताले सूचना आदान-प्रदान गर्ने गरेका छन् । सवारी साधनहरुमा आधुनिक ध्वनीवर्धक यन्त्रहरुद्वारा सूचना बजाउदै जाने गरेको पनि पाइन्छ । यो परम्परागत कटवालको बदलिँदो स्वरुपको प्रयोग हो (मदन भण्डारी : २०७७ अन्तर्वार्ता) ।

**च)** दिपायल सिलगढी नगरपालिकाको वडा नं. ६ मा सहरी पनि बस्ती रहेको छ । ग्रामीण बस्ती भन्दा सहरी बस्ती विभिन्न कारणले फरक हुन्छ । त्यस कारण यहाँ सार्वजनिक महत्वका विषयको खबर आदान प्रदान गर्ने तरिकामा पनि भिन्नता छ । खबर आदान प्रदान गर्न एफ.एम., ए.एम. रेडियोहरु तथा पत्रपत्रिकाको प्रयोग गर्ने गरेका छन् साथै मोबाइल फोनको पनि प्रयोगमा वृद्धि भएको छ । सहरी क्षेत्रमा भएका विभिन्न परिवर्तनसँगै कटवाल सञ्चार विधिको अवस्थामा पनि परिवर्तन आएको छ । गाउँघरमा जस्तो कटवालले खबर सुनाउँदा गाउँको अग्लो स्थानमा गएर कराउने नभई कुनै निश्चित स्थानमा गएर हाते माइकको सहायतले खबरहरु भन्ने तथा वजाउने गरिन्छ भन्नुहुन्छ, डोटी बहुमुखी क्याम्पस डोटीका प्राध्यापक अर्जुन देउवा । उनका अनुसार दिपायल सिलगढी नगरपालिका वडा नं. ६ को बिच भागमा रहेको टुडीखेलबाट खबर सुनाउदा आधाभन्दा

वढी बस्तीमा खबर सुनिने भएकाले टुँडीखेलबाट हाते माइक तथा आधुनिक ध्वनीवर्धक यन्त्रहरुको सहायताले खबरहरु सुनाउने गरेको पाइन्छ । यी तरिकाहरु कटवालको बदलिँदो स्वरुप हुन् (अर्जुन देउवा, प्रा. डोटी क्याम्पस डोटी : २०७७ अन्तर्वार्ता)

**छ)** दिपायल सिलगढी नगरपालिकाको वडा नं. ७ मा जम्मा ८ वटा गाउँहरु रहेका छन् । जस मध्ये ४ गाउँहरु (रातोली, तल्लो उडीतोला, मल्लो उडितोला, पाकरी) मा कटवाल सञ्चार विधि परम्परागत अवस्थामै प्रयोगमा छ । अन्य गाउँहरुमा भने यस नगरपालिकाका अरु वडाहरुमा जस्तै हाते माइकको सहायताले खबरहरु आदान प्रदान गर्ने प्रचलन् रहेको छ । सामाजिक कामहरुको खबर आदान प्रदान गर्न गाउँको उच्चस्थानमा गएर कटवालेले खबर गर्ने गरेको स्थानीय बुद्धिजिवी तेज बहादुर खडका बताउँछन् । यो सञ्चार विधि पुरानो अवस्थामा नभई यसको स्वरुपमा परिवर्तन गरी प्रयोगमा आएमा यसले सञ्चारको क्षेत्रमा राम्रो भूमिका खेल्ने स्थानीय खडका बताउँछन् ( तेजबहादुर खडका : २०७७ अन्तर्वार्ता) ।

**ज)** दिपायल सिलगढी नगरपालिका वाड नं. ८ मा जम्मा ९ वटा गाउँहरु रहेका छन् । ती गाउँहरु मध्ये गोदडा, लडागडा, दाङ, लगायतका गाउँहरुमा कटवाल सञ्चार विधि पुरानै अवस्थमा प्रयोगमा छ  र अन्य वडाहरुमा पनि गाउँका कुनै एक ब्यक्तिलाई भन्न लगाएर खबर गर्ने प्रचलन् रहेको स्थानीय गोपी साउद बताउँछन् । “हामी देउता पुजनी, बाटोघाटो, पानीकुलो, महामारीमा गाउँको पिपलचौतारीमा गएर डाँको लगाउँर खबर भन्छौ, यस वाफत हामीलाई कटवाले पाथी दिने गरेका छन्” लडागडाका कटवाल पेसा अपनाउँदै आएका कटवाल्नी बिस्ना आउजी बताउँछन् । आजभोली कुनै कुनै ठाउँमा हाते माइकको सहायताले टोल टोलमा गएर खबर प्रदान गर्ने चलन रहेको पनि आउजीको भनाइ छ । सरकारी तथा गैरसरकारी कामकाज जस्तै; बालबालिकालाई खोप लगाउने,

बैठक वस्ने सम्वन्धी जानकारी दिने जस्ता कार्यका लागि कटवाल सञ्चार विधि प्रयोगमा आउने गरेको आउजीको भनाई रहेको छ (विस्ना आउजी र गोपी साउद : २०७७ अन्तर्वार्ता) ।

**झ)** दिपायल सिलगढी नगरपालिका वाड नं. ९ मा जम्मा ८ वटा गाउँहरु रहेका छन् । ती गाउँहरुमध्ये तल्लो कलेना, मल्लो कलेना, मछन्तोला  लगायतका गाउँहरुमा यो सञ्चार विधि परम्परागत अवस्थामै प्रयोगमा रहेको मल्लो कलेनाका कटवाले काले दमाई बताउँछन् । उनका अनुसार गाउँ घरमा सामाजिक काम (कुलो पनालो), पूजाआजा, महामारी, सरकारी तथा गैरसरकारी कामकाज समेतका खबरहरु सुनाउन कटवाल सञ्चार विधि प्रयोयमा आउने गरेको छ । यसका अलावा सामाजिक (सार्वजनिक) सूचनाहरु प्रवाह गर्न लिखित सूचना जारी गर्ने, पढ्न लेख्न जान्ने मान्छेहरुले नजान्ने मान्छेहरुलाई खबर गर्ने प्रचलन् पनि पाइन्छ । कटवालले यस वडा लगायत डोटी जिल्लाकै सञ्चार क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गरे पनि आजभोली यसको प्रयोगमा कमी आएको दिपायल सिलगढी नगरपालिका वडा नं. ९ का गोरख बहादुर साउद बताउँछन् आजभोली हाते माइकको सहायताले टोल टोलमा गएर खबर प्रदान गर्ने चलन बढिरहेको छ र मोबाइलको सहायताले पनि सूचना आदान प्रदान गर्ने गरेका छन् (कोले दमाई र गोरख बहादुर साउद : २०७७ अन्तर्वार्ता ) ।

**तालिका ४ २०४७ सालपछि डोटी जिल्लामा कटवाल सञ्चार विधि प्रयोगको अवस्था**

| क.स. | वडा नं. | पूर्वीचौकी गा.पा. | | दिपायल सिलगढी न.पा. | | कै. |
|---|---|---|---|---|---|---|
| | | कुल गाउँको संख्या | कटवाल सञ्चार विधि प्रयोगमा रहेका गाउँ | कुल गाउँको संख्या | कटवाल सञ्चार विधि प्रयोगमा रहेका गाउँ | |
| १ | १ | १३ | १३ | ९ | ९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २ | ५ | २ | ५ | ३ | |
| ३ | ३ | १० | २ | ० | ० | |
| ४ | ४ | १२ | १० | ० | ० | |
| ५ | ५ | ९ | ५ | ६ | ० | |
| ६ | ६ | ६ | २ | १ | ० | |
| ७ | ७ | ६ | ४ | ८ | ५ | |
| ८ | ८ | -- | -- | ९ | ४ | |
| ९ | ९ | -- | -- | ८ | ५ | |

स्रोतः स्थलगत सर्वेक्षण २०७७।

पूर्वीचौकी गा.पा.का ६१ वटा गाउँहरुमध्ये ३८ गाउँमा पुरानै अवस्थामा कटवाल सञ्चार विधि प्रयोगमा छ तर २३ गाउँहरुमा भने परम्परागत शैलीमा परिवर्तन आएको छ। २३ वटा गाउँहरुमा कटवालले समुदायलाई खबर गर्नुपूर्व प्रयोगमा आउने परम्परागत बाजाको प्रयोग पनि घटेको छ। परम्परागत बाजाहरुको ठाउँमा आधुनिक ध्वनिवर्धक यन्त्रहरुको प्रयोग बढेको छ। स्वरुप तथा शैलीमा परिवर्तन भए पनि कटवालले सूचना प्रवाहमा खेलेको भूमिका उल्लेखनीय नै छ।

दिपायल सिलगढी नगरपालिकामा पनि कुनै न कुनै रुपमा कटवाल सञ्चार विधि प्रयोगमा छ। ग्रामीण बस्तीमा परम्परागत रुपमै प्रयोगमा छ भने सहरी क्षेत्रमा कटवालको परम्परागत शैलीमा परिवर्तन भएको पाइएको छ। कटवालले समुदायलाई खबर गर्नुपूर्व प्रयोगमा आउने गरेका

परम्परागत बाजाहरु जस्तैः ढोलक, कर्नाल, भोकर प्रयोग भएको भने पाईंदैन । पूर्वीचौकी गा.पा.का २३ वटा गाउँहरु जस्तै यस न.पा.मा पनि परम्परागत बाजाहरुको ठाउँमा आधुनिक ध्वनीवर्धक यन्त्रहरुको प्रयोग बढेको छ । कटवालेले नै सूचना दिनुपर्छ भन्ने धारणा घट्दै गएको पाइएको छ । यस पालिकामा जुनसुकै बखत जुनसुकै मानिसले उच्च आवाजमा सूचना सञ्चार गर्ने प्रचलन् बढ्दै गएको छ ।

समग्रमा डोटी जिल्लामा कटवाल सञ्चार विधि प्रयोगमा रहेको छ र यसले गाउँघरको सञ्चारमा महत्वपूर्ण योगदान गरेको छ । कुनै वडाहरुमा परम्परागत अवस्थामै छ भने कुनै वडाहरुमा यसको स्वरुपमा परिवर्तन आएको छ । गाउँको अग्लो डाँडामा कटवालले घोक लगाएर सूचना प्रवाह गर्ने शैलीमा परिवर्तन आई आधुनिक ध्वनीबर्धक यन्त्रलाई सवारी साधनहरुमा राखेर सूचना तथा सन्देश बजाउदै जाने चलन बढेको छ । आम समुदायको ध्यानाकर्षण गर्न प्रयोग गरिने बाजाको प्रयोग पनि घटेको छ । कुनै-कुनै गाउँमा कटवाले सूचना सम्प्रेषण गरे वाफत अनाज (कटवाले पाथी) दिने चलन कायम छ भने कुनै गाउँमा कटवाले पाथी भन्दा नगद रुपैयाँ दिने गरेका छन् । कुनै-कुनै ठाउँमा भने सित्तैमा खबर सुनाउने काम पनि गरेका छन् ।

### ४.४ कटवाल सञ्चार विधिको प्रयोग

कटवाल सञ्चार विधिको प्रयोगका बारेमा उल्लेख गर्नुभन्दा पहिले शाव्दिक रुपमा परिचित हुनु आवश्यक ठानी यसका बारेमा यहाँ उल्लेख गरिएको छ। वास्तवमा **"कटवाल"** शब्द संस्कृतको कोट्टपालबाट आएको मानिन्छ। संस्कृत शब्द कोटका धेरै अर्थ मध्ये चुचुरोलाई बुझाउने "कूट" शब्दबाट प्राकृत हुँदै "कोट" शब्द आएको कुरा प्रा. बालकृष्ण पोखरेलद्वारा बताइएको छ। "कोट" मूलतः राज्यको सीमा-सुरक्षा निम्ति बनाइएको किल्ला वा दुर्ग हो। यस बाहेक उच्च चुचुरोमा रहेको स्थल विशेष पनि हो। पालको अर्थ पालन पोषण गर्ने वा रेख देख गर्ने जिम्मा पाएको व्यक्तिलाई बुझाउँछ। कुनै कुनै ठाउँमा पाल शब्दलाई वाल पनि भनिन्छ। कोट र पाल अर्थात कोट र वाल शब्दलाई संयोजन गर्दा कोटपाल वा कोटवाल हुन आउँछ। कोटवाल शब्द नै अपभ्रंश भएर कटवाल भएको मानिन्छ। कास्कीका तत्कालिन राजा जगदिशखान ठकुरीले कोटवाल चयन गरेका थिए। कोटवालको काम खबर गर्ने थियो। तिनै कोटवाललाई पछि कटवाल वा कटुवाल भन्ने गरेको हो। अर्को अर्थमा कोटको अर्थ थुम्का हुन्छ। थुम्काबाट खबर सुनाउने भएकाले त्यस्ता व्यक्तिहरुलाई कोटवाल भनिएको मान्न सकिन्छ। पछि कोटवाल नै कटवाल (कटुवाल)भएको अनुमान गर्न सकिन्छ।

तत्कालिन बाईसे चौबिसे राज्यकालमा कोत वा किल्लाको रेखदेख गर्ने ब्यक्तिलाई कोतवाल भन्ने गरिन्थ्यो। सेनाको खर-खजानाको रेखदेख गर्ने व्यक्ति तथा कोतको पूजा गर्न कोतवाले राख्ने प्रचलन् थियो। तिनै कोतवालहरुले राजा रजौटाहरुको सूचनाहरुलाई भाइ भारदारहरुसम्म पुऱ्याउने काम समेत गर्थे (सुवेदी, १९९७ )। पछि राजा रजौटाहरुले गाउँ-गाउँमा आफ्ना सहयोगी ( मुखिया)हरु राख्न थाले र मिुखियाहरुले एक जना चयन गरी उक्त व्यक्तिलाई खबर आदान प्रदान गर्ने जिम्मा दिने चलन चल्यो। खबर आदान प्रदान गर्न चयन गरेका व्यक्तिहरुलाई नै पछि गएर

कटवाल (कटुवाल) भन्न थालियो (आचार्य र लुईटेल, २०६९) । वास्तवमा कटवाल एक सञ्चार विधि अर्थात प्रणालीसँग सम्वन्धित शब्द हो जसको अर्थ सार्वजनिक सञ्चारक पनि हुन्छ । कोट, थुम्का वा अग्लो स्थानबाट चर्को स्वरमा सूचना भन्ने प्राथमिक जिम्मेवारी पाएका मानिसलाई नै हाल कोटवाल, कटवाल, कटुवाल, कटुवाले भन्ने गरेको पाइन्छ ।

### ४.५ डोटीमा विगत र वर्तमानमा कटवाल सञ्चार विधिको प्रयोग

यस अन्तरगत डोटी जिल्लामा प्रयोग भइरहेको कटवाल सञ्चार विधिलाई प्रयोगका आधारमा विगत र वर्तमान गरी दुई भागमा विभाजन गर्ने प्रयास गरिएको छ । विगत भन्नाले २०४७ साल पूर्व डोटीमा कटवाल सञ्चार विधिको प्रयोग र वर्तमान भन्नाले २०४७ सालपछि कटवाल सञ्चार विधि प्रयोग बारेमा उल्लेख गरिएको छ । डोटी जिल्लामा विगत र वर्तमानमा कटवाल सञ्चार विधि कसरी, कहिले, कुन समयमा प्रयोगमा आउँथ्यो र प्रयोग भइरहेको छ भन्ने तथ्य अनुसार तपसिलमा उल्लेख गरिएको छ :


#### ४.५.१ विगतमा कटवाल सञ्चार विधिको प्रयोग

कटवाल सञ्चार विधिको विगतमा भएको प्रयोगका बारेमा उल्लेख गर्दा आवाजमार्फत सूचना सम्प्रेषण गर्ने कार्य मानव जातिको उत्पत्तिसँगै भएको पुष्टि भएको छ तर कटवाल सञ्चार विधि मानव समाजमा त्यति बेलादेखि सुरु भएको देखिन्छ जब मानवले सूचनाको महत्व बुझेको र सम्प्रेषणका लागि सञ्चार माध्यमको विकास भइसकेको थिएन। “आदिम कालमा जब मानिसहरु टाढा टाढासम्म सानो-सानो समूहहरु बीच खबर आदान प्रदान गर्न तथा राजा महाराजाहरुले आफ्नो सन्देश दास्रो पक्षलाई पठाउँन विभिन्न प्रयासहरु गर्दथे । यी सञ्चार प्रक्रियाहरु वैदिक काल देखि नै चल्दै आएका थिए ।” प्रपन्नाचार्य स्वामीले आफ्नो कृर्ति वेदमा के छ ?को पृष्ठ २६४ मा

विभिन्न परम्परागत संचार माध्यमहरुमध्ये आफ्नै आवाजमार्फत खबर गर्ने विधि पनि प्रयोगमा रहेको उल्लेख छ । साथै आफ्नै आवाज मार्फत ठुलो स्वरमा खबर गर्ने प्रचलन् प्राचीन कालदेखि प्रयोगमा रहेको भएपनि वैदिक कालदेखि विभिन्न सामाजिक कार्यमा प्रयोगमा आएको प्रमाण भेटिन्छ । नेपालमा अनौपचारिक रुपमा यसको सुरुवात लिच्छवी कालदेखि चल्दै आएको मानिन्छ ।

माघ १६, २०७८ मा गोरखापत्र दैनिकमा प्रकाशित कटवाल सञ्चारको विशिष्टता (सम्पादकीय) मा उल्लेख भएनुसार नेपालको इतिहासमा बाइसे-चौबिसे राज्यताकादेखि नै गाउँबस्तीमा कटवाल लगाउँने सञ्चार पद्धति प्रयोगमा थियो । शासकीय पद्धतिमा फेरबदल हुँदै गए पनि कटवाल सञ्चार विधिले निरन्तरता पाउँदै गयो । सुवेदी (१९९७) का अनुसार तत्कालिन समयमा डोटी जिल्ला बाईसे राज्य अन्तर्गत थियो । यस अर्थमा डोटी जिल्लामा पनि बाईसे चौबिसे राज्यको पालादेखि कटवाल सञ्चार विधि प्रयोगमा रहेको तथ्य पुष्टि हुन्छ ।

पाँडे (२०४२) ले राणाशासन कालमा सरकारी मान्यताक्रम अनुसार कटुवाललाई तल्लो तहको तेश्रो स्थानमा राखिएको उल्लेख गरेका छन् । जुन तलको चित्र i बाट प्रष्ट हुन्छ ।



चित्र१ राणा शासनको आकार

स्रोतः सरदार पाँडे भिम बहादुर (२०४२)

"त्यस बखत पहाडका गाउँघरको प्रशासन बिना खर्च तालुकदार, थरी, राई, गिरी, पगरी, मुखिया, जिम्मुवाल र कटुवाल चल्दथ्यो । सरकारी अङ्ग नभए पनि मुखियाको छायाँ परेकाले अरु सरकारी कर्मचारी सरह कटुवालले पनि मान्यता पाउँथ्यो । तत्कालिन समयमा केन्द्रबाट जिल्लाका गडी, गौडा, गोश्वारामा आएका इस्तिहार आदि गाउँ-गाउँमा टाँस्न बडाहाकिमले लगाए-अह्राएका कामकुराको कार्यान्वयन गर्न, गराउन गाउँका भर-भलादमीलाई कचहरीमा जम्मा गर्नु पर्‍यो भने मुखियाले कटुवालमार्फत कोट र थुम्काबाट सबैले सुन्ने गरी घोक हाल्न लगाउँथे ।" खबर भने वाफत कटवालको खान्कीको अलावा चानचुने आम्दानी निकै हुन्थ्यो । (सरदार पाँडे, २०७६) उल्लेख भए अनुसार तत्कालिन समयमा कटवाल सञ्चार विधि नेपाल अधिराज्य भरि नै प्रयोगमा रहेका थियो ।

पृथ्वीनारायण शाहको शासन कालपछि र राणाशासन कालमा गाउँ-गाउँमा कामकाज गर्न सहयोगीहरु (मुखिया) राख्न थाले र गाउँमा कामकाज गर्ने सहयोगीहरुले खबर आदान प्रदान गर्न एक जना चयन गरी जिम्मा दिने प्रचलन् चल्यो । खबर आदान प्रदान गर्न चयन गरेका व्यक्तिहरुलाई नै कटवाले भन्न थालियो । उनीहरुले खबर दिँदा गाउँको अग्लो स्थानमा गई पुरै गाउँका मानिसहरुले सुन्ने गरी कराउनु पर्थ्यो । खबर सुनाउनु पर्थ्यो । यो चलन डोटीमा पनि चल्यो र हाल पनि अधिकांश गाउँको उच्च स्थानमा गई खबर सुनाउने प्रचलन् कायम छ । डोटीमा खबर सुनाउने ब्यक्तिलाई कटवाले/कटवाल्या भनी सम्वोधन गरिन्छ । उनका अनुसार २०४७ साल पूर्व अधिकांस सूचनाहरु कटवालेले नै सुनाउने गर्थे (अंक बहादुर खडका : २०७७ अन्तर्वार्ता) ।

डोटी जिल्लामा कटवालले खबर गर्नुभन्दा अगाडि पहिले निर्धारण गरिएको स्थानमा गई सर्वसाधारणको ध्यानाकर्षण गर्न विभिन्न बाजाहरु (जस्तैः भ्याली, ट्याम्को तथा दमाहा, कर्नाल, नर्सिङ्गा इत्यादि) मध्ये कुनै एक बाजा बजाउने गर्थे । अमर बहादुर चयडा बताउँछन त्यसवखत

यस्तो चलन डोटी जिल्ला भरि नै कायम थियो । यसरी खबर गर्ने स्थान प्रायः चौतारो, मन्दिर तथा कुनै अग्लो ठाउँ हुन्थ्यो । समुदायमा मानिसहरुले खबर ग्रहण गरेपछि सूचनामा भनिए अनुसार उनीहरु कार्यहरुमा सहभागी हुने गर्थे र हाल पनि डोटीका विभिन्न स्थानमा यो प्रचलन् कायम छ ( अर्जुन देउवा : २०७७ अन्तर्वार्ता ।

कटवाल सञ्चार विधि तत्कालिन समाजको आवश्यकता अनुसार स्थानीकरण भएको हो । त्यसबखत कटवाल सञ्चार विधिले प्रशासनिक मान्यता समेत पाएको थियो । तत्कालिन समयमा सञ्चारका आधुनिक साधन नहुँदा र हुँदा पनि ग्रामीण बस्ती तथा गाउँ/समाजमा जनसभा बोलाउने, सार्वजनिक कर्य र धार्मिक कार्य, सरकारी कामकाज, महामारी/विपद्का समय, व्यक्तिगत कार्यहरु (जस्तैः कोही व्यक्तिले नराम्रो काम गरेमा त्यसलाई समाजमा ल्याउनु परेमा, कुनै व्यक्तिले अपराधिक कार्य गरी सजाय दिनु परेमा, कुनै व्यक्तिले झै-झगडा गरेमा, कसैले खोतबारीमा चोरी गरेमा अभियुक्तहरुलाई बोलाउन कटवाल सञ्चार विधिको निरन्तर प्रयोग हुन्थ्यो । विगतमा कटवाल सञ्चार विधि प्रयोगका बारे प्राप्त तथ्यहरुलाई निम्नानुसार बुँदागत रुपमा उल्लेख गरिएको छ ।

**क) समाजिक कार्यमा कटवाल सञ्चार विधिको प्रयोग**

२०४७ साल पूर्व डोटी जिल्लामा कटवाल सञ्चार विधि व्यापक रुपमा प्रयोगमा रहेको थियो । गाउँमा हुने सामाजिक कार्यहरु जस्तै धारा, पँधेरा, बाटो, मन्दिर, पाटी, पौवा आदि निर्माण वा मर्मत सम्भार गर्नुपर्दा कटवालले घोक लगाएर समुदायमा मानिसहरुलाई निर्धारित मितिमा तोकिएको ठाँउमा आफूसँग भएको औजार सहित उपस्थित हुन जानकारी गराइन्थ्यो । त्यस्तै वस्तुभाउ तथा गोरु चौपायाहरु जथाभावी नछोडन सूचना गर्न पनि कटवाल सञ्चार विधिको प्रयोग भएको पाइन्छ । बैशाखमा नयाँ वर्ष सुरु भएको जानाकरी पनि कटवाल सञ्चार विधिको प्रयोग हुन्थ्यो । असार-

श्रावण महिनामा हिलो मैला हुने, बाटोघाटोमा घाँस, झार उम्रने भएकाले बाटोघाटो सरसफाइ गर्ने जानकारी दिन पनि कटवाल सञ्चार विधिको प्रयोग हुने गरेको थियो । जेष्ठ-असार महिनामा धानको विउ राख्ने (छर्ने) र रोपाईं सुरु गर्ने सम्वन्धी जानकारीमा पनि कटवाल सञ्चार विधिको प्रयोग भएको पाइन्छ ।

त्यसैगरी अत्याधिक वर्षा हुँदा, खडेरी पर्दा (अतिवृष्टि/अनावृष्टि), संक्रामक रोगहरुको फैलावटबाट बच्न/बचाउँन, गाउँमा भएको समस्या तथा कठिनाइका बारेमा गाउँ समुदायलाई जानकारी गराई समस्या सुल्झाउन छलफलका लागि खबर गर्न पनि कटवाल सञ्चार विधिको प्रयोग हुन्थ्यो । तत्कालिन राजा रजौटाहरुको हुकुम लागु गर्न पनि कटवाल सञ्चार विधि नै प्रयोग गर्ने गरेको पाइन्छ ।

ग्रामीण समुदायमा खेतीपातीको काम गर्न प्रायः गोरु जोत्ने गर्दछन । खेतीपातीको काम सकेपछि केही समय गोरु जोत्ने काम हुँदैन । अर्को याममा पुनः गोरु जोत्न सुरु गर्नुभन्दा पहिले गोरु तथा जुवाको पूजा गरिन्छ जसलाई हल्स्यारा भनिन्छ । हल्स्यारा गर्दा शुभदिन (साईत)मा मात्र गरिने भएकाले त्यसको जानकारी गाउँका प्रत्येक घरमुलीले पाउनु जरुरी हुन्छ । गाउँका सबैले थाहा पाउँन भन्ने उद्देश्यले तत्कालिन समयका मुखियाले कटवाललाई कराएर जानकारी गर्न लगाउँथे । त्यस्तै गरी नयाँ बाली पाकी सकेपछि बाली काट्नु भन्दा पहिले प्रत्येक घरको दैलोमा बाली लगाउँने चलन पनि छ जसलाई देलीबालो लगाउँने पनि भनिन्छ । नयाँ बालीको प्रयोग गर्नु भन्दा पहिले परिवारका सबै जनाले जेठोबाट कान्छोसम्म क्रमैसँग नयाँ अन्न ग्रहण गर्ने चलन पनि छ जसलाई न्वागी चाख्ने भनिन्छ । देलीबालो लगाउँने र न्वागी खाने कार्य पनि शुभ साईतमै गरिने भएकाले सो साइतका बारेमा खबर गर्न पनि कटुवाल सञ्चार विधिकै प्रयोग हुने गर्थ्यो ।

त्यस समयमा मालपोत उठाउने काम तत्कालिन मुखियाहरुको हुन्थ्यो । गाउँ-गाउँमा रहेका मुखियाहरुले आफ्नो गाउँका जग्गाधनीहरुबाट मालपोत उठाउँन निश्चित स्थान र समय तोकी सोको बारेमा कटुवाललाई जानकारी गराउँन लगाउँथे । कटवालले मुखियाको आदेशलाई सबै गाउँलेहरुले सुन्ने गरी कुनै निश्चित स्थानमा गएर कराएर खबर गर्थे । माथि उल्लिखित कार्यहरु मध्ये हल्स्यारा जानकारी कटुवालले दिने काम हालसम्म पनि प्रयोगमा छ (अंक बहादुर खडका , २०७७ अन्तर्वार्ता) ।

**ख) धार्मिक कार्यमा कटवाल सञ्चार विधिको प्रयोग**

डोटी जिल्लाका धेरैजसो गाउँहरुमा आफ्ना इष्ट देवताको पूजा गर्ने सम्वन्धी जानकारी प्रदान गर्न कटवाल सञ्चार विधिको प्रयोग गर्ने गरेको पाइन्छ । जिल्लामा मनाइने विभिन्न चाडपर्वहरुमध्ये विसु, ओल्के, गौरा, वडादशैं, तिहार, जाँत (जात्रा), पुषे पन्ध्र, माघे संक्रान्ति, महाशिवरात्री प्रमुख रहेका छन् । यी पर्वहरुमा पूजा गर्न चाहिने पूजासामाग्री(पूजवातो) संकलन गर्न, पर्वहरु सुरु भएको जानकारी गर्न पनि कटवाल सञ्चार विधिको प्रयोग भएको पाइन्छ । वडादशैं अगाडि हुने सोह्र श्राद्धको जानकारी दिन, दशैंको घटस्थापनाको साइत, महाअष्ठमीको साइत र दशमीमा टिकाको साइतको बारेमा मुखियाहरुले पुजारी वा पुरोहितहरुबाट आफु जानकारी लिने र सोको बारेमा समुदायलाई जानकारी गराउन कटवाललाई लगाउँने पहिलेको चलन रहेको पाइन्छ । यसका अलावा रोगहरुको फैलावटबाट बच्न गरिने पूजा, यज्ञ पर्वहरुको बारेमा पनि कटवाल घोकेरै सूचना दिने प्रचलन् थियो (अर्जुन देउवा, अन्तर्वार्ता, २०७७) ।

**ग) दोषीलाई दण्ड सजाय तथा मिलापत्र जस्ता कार्यमा कटवाल सञ्चार विधिको प्रयोग**

यस शोधपत्रका लागि निर्धारण गरिएको अध्ययन क्षेत्रको सामाजिक रीतिरिवाज, परम्पराका बारेमा गाउँका वयोवृद्धसँगको अन्तर्वार्तामा भने अनुसार विगतमा कुनै व्यक्तिले समाजको अहित हुने कार्य

गरेमा निजलाई दोषी वा निर्दोष सावित गर्न छलफलका लागि तत्कालिन पञ्चायत सामु हाजिर गराउन कटुवाल सञ्चार विधिको प्रयोग गरिन्थ्यो । कुनै व्यक्तिले समाजमा झै-झगडा गरेमा झगडालु पक्षका पिडितले न्यायका लागि मुखियासँग गुहार मागेमा मुखियाले तत्काल कटवाललाई खबर गर्न लगाई झगडिया दुबै पक्षलाई बोलाउन लगाउँथे र न्याय/अन्याय छुट्याई उनीहरु बिच मिलापत्र गर्ने वा सामाजिक परम्परा अनुसार सजाय दिने भन्ने निर्णय हुन्थ्यो । त्यस्तो कुनै व्यक्तिले खेतमा लाग्ने कुलो हिनामिना गरेमा, पशु चौपायाले कसैको बालीनाली खाएमा हर्जना तिर्न पिडक पक्षलाई बोलाउन पनि कटुवाल सञ्चार विधिको प्रयोग हुन्थ्यो । त्यसमा साथै कसैको कुनै सामान हराएमा सो फिर्ता गर्न लगाउँन, रानीवन (संरक्षण गरिएका जङ्गल) मा कटानी खुलेमा सोको जानकारी समुदायलाई दिन पनि कटवाल सञ्चार विधिको प्रयोग हुन्थ्यो । (तत्कालिन मुखिया दीर्घ सिं खडका, अन्तर्वार्ता २०७७)

### ४.५.२ वर्तमानमा कटवाल सञ्चार विधिको प्रयोग

पछिल्ला वर्षहरूमा सञ्चार माध्यमहरुको अभूतपूर्व विकास भएको छ । समाचार पत्रहरु, टिभी, रेडियोको साथै अनलाईन पत्रिका तथा पछिल्लो समय सामाजिक सञ्जालको व्यापक रुपमा बढदै गएको छ । सञ्चार प्रविधिमा ब्यापक विकाससँगै कटुवालको स्वरुपमा पनि परिवर्तन आएको छ । एकै ठाउँमा उभिएर कराएर सूचनाहरु भन्ने परम्परामा परिवर्तन आएको छ । हाते माइक र साउण्ड सिस्टमको प्रयोगले सूचनाहरु टाढासम्म सजिलै सुनिने खर्च पनि कम लाग्ने भएकाले स्थानीय समुदायमा यसको प्रयोग बढ्दै गएको छ साथै एफ.एम.हरुमा सूचना दिने क्रम पनि बढेको छ ।

मुखिया हुने चलन हटेसँगै कटवाल सञ्चार विधिलाई सरकारी मान्यता दिई वा मुखियाको सहयोगी कर्मचारी सरह कटुवालले पनि मान्यता पाउने चलन पनि हटेको छ । केन्द्रबाट जिल्लाका गडी, गौडा, गोश्वारामा आएका इस्तिहार आदि गाउँ-गाउँमा टाँस्न तत्कालिन बडाहाकिमले लगाए

अह्राएका कामको कार्यान्वयन गर्न/गराउन, गाउँका भर-भलादमीलाई कचहरीमा जम्मा गर्नु पर्‍यो भने मुखियाले कटुवाल मार्फत कोट र थुम्काबाट सबैले सुन्ने गरी घोक हाल्न लगाउँने चलन पनि छैन। कटवालले खबर गर्नुभन्दा अगाडि पहिले निर्धारण गरिएको स्थानमा गई सर्वसाधारणको ध्यानकर्षण गर्न प्रयोग गरिने विभिन्न परम्परागत बाजाहरु बजाउने चलन पनि हटेको छ।

वर्तमान समयमा कतिपय गाउँ-ठाउँमा कटवाल सञ्चार विधिको शैलीमा रुपान्तरण भई प्रयोगमा आएको छ तर कैयौं ठाउँमा परम्परागत रुप (अग्लो स्थानमा गई घोक लगाउँने) मै प्रयोगमा छ। वर्तमान समयमा डोटीमा निम्नानुसारका कार्यको खबर गर्न कटवाल सञ्चार विधिको प्रयोग हुँने गरेको पाइन्छ।

### ४.५.२.१ महामारीको समयमा कटवालको प्रयोग

सञ्चार प्रविधिमा भएको विकास तथा नागरिकको पहुँच र आवश्यकता अनुसार स्थानीय स्तरमा प्रचलन्मा रहेका सञ्चार विधिहरुको प्रयोगले महामारीको जोखिम न्यूनीकरणमा यथेष्ट योगदान पुगेको छ। विभिन्न सञ्चार माध्यमहरुबाट सूचना प्राप्त हुँदा महामारीका समयमा हजारौं मानिसको जीवन रक्षा भएको छ।

सन २०१९ को डिसेम्वर महिनामा चिनको वुहानमा पहिलो पटक देखिएको कोरोनाको महामारीले विश्वका प्रायः सबै देशलाई प्रभावित पारेको थिया (Coronavirus disease (COVID-19) (who.int)। यस महामारीबाट नेपाल पनि नराम्रोसँग प्रभावित भयो। संक्रमण नियन्त्रणको लागि ११ चैत्र २०७६ देखि ५ जेष्ठ २०७७ सम्म नेपाल पूर्ण रुपमा बन्द गरियो। यस अवधिमा नागरिकहरुलाई घरभित्र बस्न अनुरोध गरियो। विदेशबाट फर्किएकाहरुलाई क्वारेनटाईनमा राखियो र कोरनाको आशंका भएका व्यक्तिहरुलाई विभिन्न अस्पतालका आईसोलेसनहरुमा राखियो। कोरोना संक्रमित व्यक्तिहरुलाई तोकिएका अस्पतालहरुमा उपचार गरियो।

यस अवस्थामा अन्य क्षेत्रहरुकासाथै सञ्चार क्षेत्र पनि निकै प्रभावित बन्न पुग्यो । सञ्चारकर्मीहरु समाचार संकलनका लागि सम्वन्धित क्षेत्रमा जान सकेनन् । कोठाभित्रबाट दूरसञ्चार यन्त्रहरु मार्फत सूचना संकलन गर्ने र समाचार बनाउने प्रयासहरु गरिए । महामारीको रोकथाम तथा नियन्त्रणका लागि बहस सञ्चालन गर्न भौतिक दुरी अपनाउनु पर्ने परिस्थिति निर्माण भयो र यसबाट बच्न हरसम्भव प्रयासहरु भए । विपद् तथा महामारीको रोकथाम/नियन्त्रणका लागि बहस कार्यक्रमहरु संचालन गर्न सम्भव नभएपनि जोखिम न्यूनीकरणमा योगदान पुऱ्याउन सक्ने तथ्यलाई मध्यनजर गर्दै डोटीका विभिन्न गाउँ/टोलहरुमा कटवाल सञ्चार विधि उपयोग गरी सर्वसाधारणलाई कोरोनाबाट बच्ने उपाएहरुका बारेमा जानकारी दिने काम गरियो ।

विपद् तथा महामारीका समयमा त्यसवाट बच्न अपनाउनुपर्ने उपायहरू, जोखिम न्यूनीकरणका लागि समुदायका असल अभ्यासका प्रयासहरु, जोखिम न्यूनीकरणका उपायसम्बन्धी जनचेतनामूलक सूचनाहरु सबैले सुन्ने गरी प्रसारण हुँदा विपद्बाट बच्न मानिसहरु उत्प्रेरित हुने हुँदा उल्लिखित ( कटवाल) सञ्चार विधि अपनाई समाजलाई सचेत गरिएको दिपायल सिलगढी नगरपालिका वडा नं. ७ का तेजबहादुर खडका बताउँछन् ।

कोरोना (कोभिड-१९) महामारीका समयमा महामारीबाट बच्ने सन्देशहरु प्रवाह गर्न कटवालले गरेको योगदान सराहनीय छ । महामारी विरुद्ध जुध्ने सूचना तथा सन्देशहरु कटवालले कराएर वा कटवाल सञ्चार विधिको वदलिंदो स्वरुप ( हाते माइक र डि.जे.) को सहायताले टोल टोलमा गएर खबर सुनाउने गरेको देख्न तथा सुन्न सकिन्थ्यो । विश्वभरि महामारीका रूपमा फैलिएको कोभिड-१९ अर्थात् कोरोना भाइरस संक्रमणको रोकथाम तथा न्यूनीकरणका लागि कटुवाल सञ्चार विधि प्रयोग ल्याइएको थियो । उदाहरणको लागि दिपायल सिलगढी न.पा.ले स्थानीय टुँडीखेलबाट कोरोनाबाट बच्ने सन्देश हाते माइकको सहायताले भन्न लगाएको घटनालाई लिन सकिन्छ (

सि.अ.हे.व (पाँचौ, राम बहादुर भण्डारी) । उनका अनुसार दिपालय सिलगढी नगरपालिकाले महामारीका समयमा मिति २०७७ जेष्ठ २५, असार ६ गते दिपायल सिलगढी नगरपालिका वडा नं. ६ स्थित सिलगढी बजारको नाचन्थली, टुँडिखेल र ईन्द्रचोकबाट हाते माइकको प्रयोग गर्दै कोभिड सम्वन्धी चेनतामूलक सन्देशहरु प्रसारण गरेको थियो । दिपायल सिलगढी नगरपालिकाले कोरोनाबाट बच्न निम्नानुसारको सूचना प्रसारण गरेको थियो :

**आदरणीय नगरबासी दाजभुाई तथा दिदीबहिनीरु !**

यस नोभल कोरोना महामारीबाट बच्न समुदायस्तरबाटै महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बेला आएको छ । यस्तो महामारीको समयमा निम्न कुराहरु नगर्न र नगराउन दिपायल सिलगढी नगरपालिका सबैमा अनुरोध गर्दछ ।

१. अनावश्यक भिडभाड नगर्ने,

२. घरबाट वाहिर ननिस्कने,

३. सरकारबाट जारी लकडाउनको पूर्ण रुपमा पालना गर्ने,

४. बेला-बेलामा सावुन पानीले मिचिमिची हात धुने,

५. अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने,

६. हात नमिलाउने, अंकमाल नगर्ने,

७. आत्मानुशासन कायम गर्ने । (श्रेष्ठ इन्द्र प्रसाद अन्तर्वार्ता : २०७७)

वास्तवमा कटुवालेहरूले आफ्नो र निकटवर्ती समुदायका लागि र समान भाषा, संस्कृति एवम् धर्मका अनुयायीका लागि काम गर्ने गरेका छन् । सामाजिक सोपान एक समान रहँदैन र छैन । यो अनुसन्धान क्षेत्रको सामाजिक सोपान पनि विविधतामा आधारित छ । अझै पनि त्यस समाजमा कैयौँ माानिसहरु लेखपढ गर्न, प्रविधिको प्रयोग गर्न नजान्ने छन् तर विविध कारणले पछि परेका सामाजिक हिस्सेदारहरुका लागि पनि सूचनाको पहुँच आवश्यक छ र समान सञ्चारीय वातावरण पनि आवश्यक छ । त्यसका लागि स्थानीय भाषा तथा शैलीमा आधारित सञ्चार विधिको आवश्यकता हुन्छ । त्यस्तो एकमात्र सञ्चार विधि कटवाल हो । यसकारण कोरोना महामारीका समयमा कटवाल सञ्चार विधिमार्फत सूचना प्रसारणले कोरोना रोकथाममा ज्यादै प्रभावकारी भूमिका खेलेको थियो । यसका साथै महामारीबाट जोगिन स्थानीय सामुदायिक रेडियोहरु, पत्रपत्रिका, सामाजिक सञ्जालहरु, दुरसञ्चार यन्त्रहरु (मोबाइल)को पनि महत्वपूर्ण भूमिका थियो । कतिपय ठाउँमा माइकिङ गरेर पनि सूचना प्रवाह गराइएको थियो । सडक पुगेको र विकसित बस्ती भएकाले दिपायल सिलगढी नगरपालिका वडा नं. ६, ४, ३ मा गाडीमा माइक राखेर कोरोना रोकथामका लागि नगरपालिकाले तयार पारेको मौखिक (अडियो) सन्देशको प्रचार प्रसार समेत गरेका थिए । तर सवारी साधनको सुविधा नपुगेका वडाहरु ( वडा नं. २ का पुनेवाटा र खुल्लेख वडा नं. ५का धामीठाँटा र बागठाँटा, वडा नं. ८ र वडा नं. ९) मा कटवाल सञ्चार विधिहरु प्रयोगमा आएका थिए ।

### ४.५.२.२ समाजिक काममा कटवालको प्रयोग

**क**) सामाजिक कार्यको जानकारी दिने गाउँघरमा सजिलो सञ्चार विधि कटवाल नै थियो र हाल पनि यसको प्रयोग भइरहेको छ । बाटोघाटो बनाउन तथा कुलो कुलेसो खन्न, घरको धुरी ल्याउन,

गाउँघरमा भएका सामाजिक निर्णयहरुको खबर सुनाउन र तत्काल दिनुपर्ने खबरहरु सुनाउन कटवाल एक वैकल्पिक सञ्चार विधि रहँदै आएको छ ।

आधुनिक डिजिटल मिडियामा पहुँच, प्रविधिजन्य सामाजिक सञ्जालमा व्यापक सहभागिता, व्यावसायिक र अव्यावसायिक दुवै प्रकारका सञ्चारमा मानिसहरुको पहुँचमा बृद्धि आदि कारणले कटुवालजस्ता परम्परागत सञ्चार विधिमा प्रभाव पारेको छ तथापि समाजमा हुने कैयौं सामाजिक, धार्मिक, सास्कृतिक कार्यका बारेमा समाजलाई जानकारी दिने, सचेत गराउने, र खबरदारी गर्ने, जनचेतना जगाउँने कार्यमा कटवाल सञ्चार विधिले भूमिका खेलिरहेको छ । डोटी जिल्लाको पूर्वीचौकी गाउँपालिका वडा नं. ५ अन्तरगत पर्ने काडामाण्डौ गाउँका भिम लुहार प्रभावकारी एवम् सफल कटवाल मानिएका छन् । मिति २०७८ मंसिर महिनामा कटुवालका बारेमा सूचना संकलन गर्न काडामाण्डौ गाउँमा पुग्दा भिम लुहार गाउँका सबै मानिसहरुलाई विवाहको प्रिति भोजमा खाना खान आउनका लागि खबर गरिरहेका थिए । स्थानीय तेज बोगटीको विवाहको प्रितीभोजको जानकारी गर्दै गरेका व्यक्तिसँग कटुवालका बारेमा तथ्य पाउने उपयुक्त अवसर ठानी उनीसँग कटवाल सञ्चार विधिका बारेमा अन्तर्वार्ता गरियो । अन्तर्वार्ताकै क्रममा उनले विवाहमा खाना खान आउनका लागि मात्र नभई गाउँमा हुने वन समितिको बैठक, विभिन्न समयमा सरकारबाट हुने विभिन्न खोप अभियान, गाउँमा हुने विभिन्न धार्मिक कार्य लगायत धेरैजसो कामको बारेमा समुदायमा खबर गर्न कटुवाल सञ्चार विधिको प्रयोग गर्ने गरेका रहेछन । उक्त गाउँमा कटवाल हुने उनकै परिवारका सदस्य रहेछन । यस अघि उनका बुवा धरु लुहारले कटवाल भई सूचना दिने कार्य गरिरहेका थिए । उनको परिवारका कुनै एक सदस्यले करिव ९ पुस्ता पहिले देखि यो कार्य गर्दै आइरहेका छन् । कटवालले खबर गरेपछि समुदायका सबै व्यक्तिहरुले मान्ने र भेला भई कार्य सम्पन्न गर्न सहज भएको लुहारको अनुभव छ । भिम लुहार गाउँमा कटवाले नामले पनि

चिनिन्छन् । कटवालले खबर पूर्व ध्यानाकर्षण गर्न बजाइने विभिन्न प्रकारका बाजाहरु बजाउने काम भने उनले गर्दैनन् ।

काडामाण्डौ गाउँका नन्दकुमार आले कटवालेलाई सार्वजनिक सञ्चारक ठान्दछन । उनका अनुसार सामाजिक, सांस्कृतिक वा प्रशासनिक आधिकारिकता भएको व्यक्तिले अह्राए अनुसार सार्वजनिक सूचनाको सम्प्रेषण गर्नु कटवालको मुख्य जिम्मेवारी थियो र हाल पनि छ । सामाजिक सञ्जालमा पहुँच, मोबाइल फोनको सर्वसुलभता, एफ.एम.हरुको पहुँच जस्ता कारणले कटवाल सञ्चार विधि पछि परेपनि समाजका लागि उपयोगी नै ठहर्छ । आफू बस्ने समुदाय जहाँ विभिन्न भाषा, संस्कृति, धर्मका साथै विभिन्न जानजाती हुन्छन उनीहरुसम्म कटुवालेहरुको पहुँच हुने र उनीहरुले गरेको खबर ती समुदायसम्म सहजै पुग्ने भएकाले यो सञ्चार विधि हालसम्म पनि समाजमा कायम छ ।

**ख**) कटवालले स्थानीय समुदायका मानिसहरूलाई दैनिक जीवनका विभिन्न सूचनाहरु मार्फत सू-सूचित गर्न मद्दत गर्नुका साथै विभिन्न निर्माण सम्बन्धी कार्यको सूचनाहरु दिने काम पनि गरेको पाइन्छ । यसबाट समाजमा कहाँ विकास निर्माणका कामहरु भइरहेका छन् भन्ने जानकारी त हुन्छ नै, साथ-साथै उक्त कार्यमा सहभागी हुन पनि प्रेरित गरेको छ । यसरी निर्माणको कामको जानकारी पाएपछि काम गर्न एकजुट हुने र निर्माणको काम सम्पन्न गर्न सहज हुने गरेको पाइन्छ ।

बाटोघाटो निर्माण होस् वा धारो कुलो मर्मत, मानिसहरू कटुवाल काले दमाइको सूचनाका भरमा एक ठाउँमा भेला हुन्छन । यो शोधकार्य गर्दा दिपायल सिलगढी नगरपालिका ९ मल्लो कलेनामा विद्यालय भवन निर्माण कार्य भइरहेको थियो । उक्त कार्यमा श्रमदान गर्न मानिसहरुलाई जुटाउने सम्बन्धी सूचना कटवाल काले दमाईले नै गरेका रहेछन । कटवाले काले दमाईले सुनाएको सूचनाका आधारमा मानिसहरु भेला भएर उक्त कार्य गरेका रहेछन् । आफूले सुनाएको सूचना गाउँका करिब १०० बढी घरपरिवारमा पुग्ने गर्छ दमाइको भनाइ छ । अग्लो ठाउँमा गएर उनी

कराउन थालेपछि गाउँलेहरू ध्यान दिएर सुन्छन र सोही सूचनाका आधारमा गाउँमा हुने सामाजिक कार्यमा सहभागी हुन्छन ।

**ग)** दिपायल सिलगढी नगरपालिका वडा नं. ९ तल्लो कलेनामा गोपी ढोलीले पनि उच्च स्वरमा कराएर खबर गर्ने गरेका छन् । हाल उनी रोजगारीको सिलसिलामा भारत गएका कारण उक्त कार्य उनकी पत्नी झिमा ढोलीले गर्दै आएकी छन् । बुवाबाजेका पालादेखि आफूहरुले कटवाले हुँदै आएको र हाल पनि यसलाई निरन्तरता दिएको झिमा ढोली बताउँछन् । आवश्यकता अनुसार निर्माण लगायत अन्य विभिन्न कार्य(सामाजिक, धार्मिक)को जानकारी दिन्छु । त्यसका साथै सरकारी कामकाज, विपद् तथा महामारी भएको समयमा त्यसको बारेमा पनि समुदायका लागि हित हुने विभिन्न सूचनाहरु कराएर खबर भन्छु झिमा ढोलीले बताइन । हरेक बर्षको मंसिर महिनामा हाम्रो गाउँमा जात्रा हुने गर्दछ । २०७८ साल मंसिर महिनामा जात्रा हुनुपूर्व बाटो निर्माण तथा सरसफाइ काम गर्न आफूले कराएर सवै दाजुभाइहरुलाई जानकारी गराएको उनी सम्झिन्छिन । कटवाल भएर खबर गर्ने काम हाम्रा पूर्खाहरुले गर्दै आउनु भएको हो । हामीले पनि उक्त कार्य गर्दै आएका छौं झिमा बताउँछन् ।

### ४.५.२.३ विपद्को समयमा कटवालको प्रयोग

यो शोधपत्र तयार गरिरहँदा पछिल्लो विपद्को श्रृंखला अन्तर्गत सुदूरपश्चिम प्रदेश अन्तर्गत खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्र केन्द्र बिन्दु भई मिति २०७९/०७/२३ विहान २ : १२ बजे गएको भुकम्प र त्यसपछि गएका कैयौं पराकम्पले सबैभन्दा बढी डोटीको पूर्वीचौकी गा.पा.प्रभावित भयो । ६.६ म्याग्निच्युडको भूकम्प र त्यसपछिका पराकम्पबाट कुल ६२ हजार २ सय २८ जना प्रभावित भएका छन् । उक्त भूकम्पबाट पूर्वीचौकी गाउँपालिकामा ६ जनाको मृत्यु भएको थियो भने ८ जना घाइते भएका थिए । सुदूरपश्चिम प्रदेशका डोटी, अछाम, बाजुरा, बझाङ्ग र डडेल्धुरा जिल्लामा ४ हजार ६

सय ४६ घरहरु पूर्णरुपमा र १० हजार ९ सय ११ घरहरुमा आंशिक क्षति पुगेको थियो । कुल १ सय ५६ विद्यालय भवन, १८ वटा स्वास्थ्य केन्द्र, २९ वटा सरकारी भवन, १२ वटा सामुदायिक भवन र १८ वटा सांस्कृतिक सम्पदा संरचनामा क्षति पुगेको थियो ।(राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण प्रतिवेदन २०७९) ।

पूर्वीचौकी गा.पा.का वडा नं. ४ स्थायी ठेगाना भएका दुलै नेपाली उक्त वडाका कटुवाले हुन् । उनले सरकारी कामकाज, विभिन्न सामाजिक कार्य लगायत समसामयिक सूचना कराएर समुदायका मानिसहरुलाई सुनाउने गर्छन । सुदूरपश्चिम प्रदेश अन्तर्गत खप्तड राष्ट्रिय निकुञ्ज क्षेत्र केन्द्र बिन्दु भई मिति २०७९/०७/२३ विहान २:१२ बजे गएको भुकम्प र त्यसपछि गएका सयौँ पराकम्पले सबै भन्दा बढी डोटीको पूर्वीचौकी गा.पा.त्यसपछि सायल गा.पा., आदर्श गा.पा. तथा दिपायल सिलगढी नगरपालिका प्रभावित भए । भूकम्प पश्चात पटक-पटक गएका पराकम्पका बेला थप क्षति हुनबाट जोगिने उपायहरुका बारेमा ठुलो स्वरमा (घोक लगाएर) कराएर स्थानीय समुदायका मानिसहरुलाई जानकारी गराएको दुलै नेपाली बताउँछन् । भूकम्पबाट थप क्षति हुन नदिन कटवाले दुलै नेपालीले सुनाएका सूचनाहरु निम्नानुसार रहेका छन् :

**भूकम्पका समयमा सुनाइएका सूचनाहरु**

सुन हो....!! गाउँले दाजुभाइ दिदी बहिनी,

भूकम्प पराकम्प आइरहेकाले त्यसबाट बच्न खुला ठाउँमा वस्नुहोला, चर्केको घरमा नबस्नुहोला,

आफ्ना वस्तुभाउहरु खुला चौरमा लैजानुहोला ।

रातीमा जंगली जनावरको भय हुने भएकाले होसियार हुनुहोला ( दुलै नेपाली अन्तर्वार्ता : २०७८) ।

विगत करिव १० बर्षदेखि पूर्वीचौकी गा.पा. वडा नं. ४ मा कटवालेको भूमिका निर्वाह गर्दै आउनु भएका नेपाली अहिले ५० वर्ष हुनुभयो । भूकम्प पीडितहरुको विवरण संकलन गर्दा “आज भूकम्प पीडितहरुको विवरण संकलन गरिने भएकाले सवै दाजुभाईहरु वडामा भेला हुनुहोला है” भन्दै खबर गरेको नेपाली बताउँछन् । यसका साथै भूकम्प पीडितहरुको विवरण संकलन कार्यका लागि टेलिफोनबाट पनि खबर गरेको तर आफूले भने टेलिफोन मार्फत नगरी कराएर र मानिसहरुलाई भेटेर मौखिक रुपमा जानकारी गरेको नेपाली बताउँछन् ।

त्यसका साथै उक्त वडामा हुने सभा समारोह, महिला तथा आमा समूहको सूचना गाउँलेलाई सुनाउने, मर्दापर्दा लगायतका काममा कटुवाल लगाउँने चलन छ । यी विषयमा खबर गरिदिनु पर्‍यो भन्ने जानकारी पाए घोक लगाएर जानकारी गर्छु कटवाले नेपालीले बताए । पूर्वीचौकी गा.पा. वडा नं. ३का जनसमुदायलाई खबर सुनाउने काम दुलै नेपालीले गर्नुहुन्छ । अहिले सबैको हातमा मोबाइल छ, घरमा रेडियो, टि.भी. पनि भएकाले यसमा कमी आएको छ तर पनि पनि धेरैजसो सूचनाहरु मैले नै सुनाउँछु । कटवालेले सूचना भने बापत उहाँलाई गाउँलेहरुले हरेक बर्ष अन्न बाली दिन्छन् ।

### ४.५.२.४ धार्मिक कार्यमा कटवालको प्रयोग

सामाजिक कामको जानकारी दिन कटवालले जति योगदान पुर्‍याएको छ त्यति नै धार्मिक कार्यको खबर आदान प्रदान गर्नमा पनि योगदान गरेको छ । यो अध्ययन कार्य गर्दाका बखत गाउँघरमा हुने धार्मिक कार्यहरु जस्तै मन्दिर निर्माण, पूजा कार्य, विभिन्न यज्ञ समारोहहरु, धार्मिक जात्रा तथा पर्वहरुमा हुने विभिन्न कार्यको खबर सुनाउन कटवालेले ठुलो योगदान गरेको पाइयो ।

पूर्वीचौकी गा.पा. वडा नं. १ को फुलौट गाउँमा धार्मिक कार्यमा कटवाल सञ्चार विधिको प्रयोग हुने गरेको छ । गाउँका अधिकांश नागरिकको हातहातमा मोबाइल तथा सामानिक सञ्जालमा सहज

पहुँच भएपनि उक्त गाउँमा यो प्रचलन् कायम छ। गाउँमा उपयोगी र भरपर्दो सूचनाको विधिको रुपमा मानिएको कटवाल सञ्चार विधि प्रभावकारी भएकाले समाजमा हालसम्म पनि कायम रहेको स्थानीय बताउँछन्।

पूर्वीचौकी गा.पा. वडा नं. १ को फुलौट गाउँमा नरी लुहारलाई कटुवाले भनेर चिन्दछन। उनका बुवा वाजेको पालादेखि प्रचलन्मा कटवालेको जिम्मेबारी आफूमा सरेको लुहार बताउँछन्। उनको काम आइपरेको समयमा चर्को स्वरमा कराएर सूचना प्रवाह गर्नु हो। गाउँमा पूजा, मेला महोत्सव तथा सामासजक कार्यहरू हुँदा त्यसको जानकारी गाउँलेलाई दिने काम नरी लुहारले गर्दै आएका छन्। गाउँमा देवी देवताको पूजा हुँदा पूजा सामाग्री ल्याउन सबैलाई खबर गर्छु लुहारको भनाई छ। मिति २०७९ पौष २५ गते भएको शाजेन्द्रेश्वर देवताको पूजा गर्दा पनि पूजा सामाग्री ल्याउन गाउँले दाजुभाइहरुलाई खबर गरेको उनी बताउँछन्। त्यतीमात्र नभएर गाउँलेलाई कुनै पनि सार्वजनिक चासो, सरोकारका कार्यक्रमहरूको सूचना दिनको लागि अग्लो स्थानमा गएर डाँको हालेपछि गाउँलेहरु सोही सूचनाको आधारमा कार्यक्रमहरुमा सहभागी हुने गरेको उनको भनाइ छ। “यो चलन त परम्परादेखि चल्दै आएको हो तर पहिला जस्तो अत्याधिक प्रयोगमा छैन आजभोली कम हुँदै गएको छ। पहिला जस्तो अनिवार्य नभए पनि गाउँमा कुनै कार्यक्रम भयो भने आजभोलि पनि कराएर खबर गर्छु” नरी लुहारले भने। हरेक वर्ष असोज शुक्ल दशमी र चैते दशैंमा गरिने देवी माताको पूजा हुँदा पनि पूजा सामाग्री (पूजवातो) ल्याउन उच्च स्वरमा कराएर खबर गरेपछि गाउँले दाजुभाइहरुले पूजवातो ल्याउँछन्।

“कटवाले काम गर्न धेरै कठीन छैन, यो काम सधैं पनि हुँदैन, बेला मौकामा मात्रै हो, अरु समयमा आफ्नो घरको काम पनि गर्छु, यस कार्यलाई मैले सेवाको रुपमा पनि लिएको छु पहिला यो काम गरेवाफत अनाज दिने गर्थे आजभोलि भने कम हुँदै गएको छ ” उनले भने।

स्थानीय अंक बहादुर खडकाले परम्परादेखि चल्दै आएका चलनहरुलाई निरन्तरता दिनु पर्ने बताए। कटवालले एकै पटक आफ्नो समुदायमा खबर पुऱ्याउन सक्ने हुँदा कसैले थाहा पाउने वा कसैले नपाउने हुँदैन। प्रविधिको विकास भएसँगै हाते माइकको व्यवस्था गरेर माइकमार्फत खबर सुनाउन सके झनै प्रभावकारी हुने खडका बताउँछन्। उनले यो हाम्रो मौलिक सम्पदा भएपनि आधुनिक सञ्चार विधिहरुले निकै ठुलो प्रभाव पारेको समेत बताए।

### ४.५.२.५ सरकारी काममा कटवालको प्रयोग

कटवालेले सामाजिक तथा धार्मिक कार्यको खबर प्रदान गर्न महत्वपूर्ण भूमिका खेले झैं सरकारी संस्थाहरुले गर्ने कार्यहरुको खबर गर्न पनि कटवालको ठुलो योगदान छ। कुनै खोपसम्वन्धी काम होस वा बैठक वस्ने कार्य होस, सरकारी शिविर होस या स्थानीय तहले सन्चालन गरेको विकास निर्माण सम्वन्धी कार्य सबैको खबर सुनाउन कटवाल सञ्चार विधिको प्रयोग गर्ने गरिन्छ। सरकारी कामकाजका खबर आदान प्रदान गर्न टेलिफोन, रेडियो जस्तै कटवालको पनि महत्वपूर्ण योगदान रहेको छ।

यो शोधपत्र तयार गरिरहँदा गाउँपालिकाहरुमा टोल भेलाहरु भइरहेका थिए। डोटी जिल्लाका कुनै कुनै वडाहरुमा मोबाइलबाट र व्यक्ति मार्फत खबर पठाएर टोल भेलाको सूचना आदान प्रदान पनि गरिएको छ भने कुनै वडाहरुमा कटवाले मार्फत टोल भेलाको जानकारी गराउने कार्य भइरहेको थियो। पूर्वीचौकी गा.पा. वडा नं. ४ मा टोल भेलामा मानिसहरुलाई सहभागी गराउन कटवाले दुलै नेपालीले खबर गरिरहेका थिए। मिति २०७९/०९/२३ गते भएको वडा नं. ४ को टोल भेलाका लागि कटुवाले नेपालीले उच्च आवाजमा कराएर खबर गरेका थिए।

नयाँ पुस्ताका प्रायः सबै युवाहरुको हातहातमा मोबाइल फोन पुगेको र सामाजिक सञ्जालमा पहुँच भएपनि मोबाइल मार्फत गरेको खबर भन्दा मैले खबर गर्दा बढी मानिसहरु उपस्थित हुने गर्छन्

५० वर्षीय दुलै नेपाली बताउँछन् । कटवाले दुलै नेपालीले उक्त गा.पा.अन्तरगत पर्ने सानागाउँको अग्लो भागमा उभिएर घोक हाल्ने गर्छन् । बाजे बडाज्युले पनि यही सञ्चार विधिको प्रयोग गरेर दाजुभाइहरुलाई सूचना भन्ने गरेका थिए र हामीले पनि यो कार्य गर्दै आएका छौं उनले भने सबै गाउँलेहरुले यसलाई सूचनाको सही आधार पनि मान्दै आएका छन् । उनले गाउँमा हुने शुभकार्य, बारना तथा विभिन्न कार्यक्रमका विषयमा स्थानीय भाषामै घोक हालेर सुसूचित गराउने भएकाले यो प्रभावकारी भएको हो । कटवालेले घोक हालेर जानकारी गराएपछि सोही अनुसार गाउँले दाजुभाइहरु एकजुट हुने र काम गर्ने सहज हुने गरेको स्थानीय बृज खडका बताउँछन् ।

“गाउँपालिका तथा वडाबाट प्रदान गरिने सूचनाका साथै गाउँ समाजमा हुने बैठक, पूजाआजा, विवाह आदिका बारेमा घोक हालेर गाउँलेलाई जानकारी दिने गर्दछु, उनले भने, ‘यो काम गरेवापत वर्षमा प्रत्येक घरधुरीले अन्नु दिने गर्दछन् ” दुलै नेपालीले भने । बाबु-बाजेको पालादेखि चल्दै आएको परम्परालाई निरन्तरता दिंदै आएका हौं । यस्तै कटुवालेबाट नै सुचना प्रवाह भएपछि मात्र कुनै चाडपर्व आएको जस्तो महसुस हुने ४९ वर्षीय देव बहादुर खडका बताउँछन् । उनले भने, अहिले त सबैको हात-हातमा मोबाइल छ, सुचना मोबाइलबाट नै पाउन सकिन्छ तर कटुवलेले खबर नगरेसम्म सवैले एकमुष्ट खबर पाउदैनन् । त्यसकारण पनि कटुवाल सञ्चार विधि समुदायको लागि आवश्यक पनि छ । यो सञ्चार विधि गाउँघरका लागि निकै उपयोगी छ । गाउँका दाजुभाईहरुले यसलाई बहुपयोगी र भरपर्दो सूचनाको माध्यमको रूपमा लिने गरेकाले कटुवाल जस्ता सञ्चार विधिहरु समय सुहाउँदो तरिकाले सुधार गरेर प्रयोगमा ल्याउँदा फाईदा नै हुने खडकाको भनाइ छ ।

# अध्याय - पाँच

## ५ निष्कर्ष तथा सुझावहरु

### ५.१ निष्कर्ष

कटुवाल सञ्चार विधि मानव समाजको त्यो प्राचीन समयबाट सुरु भएको देखिन्छ, जुनबेला मानिसले सूचना सम्प्रेषणको महत्व बुझेको थियो तर सूचना सञ्चारका लागि माध्यमहरुको विकास भएको थिएन । कटवाल सञ्चार विधि सुरुदेखि नै सामाजिक परिवर्तनसँग रुपान्तरित र परिमार्जित हुँदै आयो र हालसम्म पनि नेपाली समाजमा प्रयोग भइरहेको छ । विगतमा समाजिक कार्य, धार्मिक कार्य, दोषीलाई दण्ड सजाय तथा मिलापत्र लगायत सरकारी कार्यका बारेमा समुदायलाई सुसूचित गर्न कटवाल सञ्चार विधिको प्रयोग निरन्तर रुपमा हुने गरेको पाइयो । त्यस समयमा डोटेली समाजमा कायम रहेका मानिसको आवाजमा आधारित परम्परागत सञ्चार विधिहरु जस्तै गाईने, हुडकेली, फाग, धमारी, नाटक, गीत आदि भन्दा कटवाल सञ्चार विधि गाउँघरमा अत्याधिक निरन्तर रुपमा प्रयोगमा आउँथ्यो । तर वर्तमान समयमा कटवाल सञ्चार विधिको प्रयोग घट्दै गएको पाइन्छ । हाल निरन्तर रुपमा नभए पनि आवश्यकता अनुसार यसको प्रयोग हुने गर्छ ।

कटवाल सञ्चार विधिको विगतमा जसरी विभिन्न साइतका बारेमा जानकारी दिन, देलीवालो गर्दा, न्वागी चाख्ने साइतका बारेमा जानकारी गराउन, चाडपर्वहरु सुरु भएको जानकारी गर्न, न्यायका लागि मुखियासँग गुहार मागेमा मुखियाले तत्काल कटवाललाई खबर गर्न लगाई झगडिया दुबै पक्षलाई बोलाउन, पशुचौपायाले कसैको वालीनाली खाएमा, कसैको कुनै सामान हराएमा सो फिर्ता गर्न लगाउँन समुदायलाई जानकारी गर्न कटवाल सञ्चार विधिको प्रयोग हुन छोडेको पाइए पनि गाउँ समाजमा आवश्यकता अनुसार कटवाल सञ्चार विधि प्रयोगमा रहेको पाइएको छ ।

स्थानीय समुदायमा आउने विभिन्न घटना/दुर्घटनाहरु (विपद्, महामारी, समाजिक, धार्मिक, सरकारी कार्यहरु) को बारेमा जानकारी दिन परम्परागत सञ्चार विधिहरु प्रयोगमा छन् । विगतको समाजिक सोपान र वर्तमान सामाजिक सोपानमा ज्यादै भिन्नता भएपनि भाषिक, साँस्कृतिक तथा सामाजिक संरचनाका आधारमा आधुनिक सञ्चार माध्यमहरुमा प्रयोग हुने भाषा र स्थानीयले बुझ्ने भाषा फरक भई सूचना प्राप्तिमा रिक्तता आउने अवस्थामा उक्त रिक्तता पूर्ति गर्न त्यस्ता सञ्चार विधिहरु प्रयोगमा आउने गरेको पाइयो । राष्ट्रिय जनगणना, २०७८ अनुसार डोटी जिल्लामा ५ बर्ष भन्दा वढी उमेरका साक्षरता जनसंख्या ७०.७४ रहेको छ । यस आधारमा आज पनि समाज कुनै न कुनै रुपमा शिक्षाको पहुँचबाट टाढा छ । शिक्षाको पहुँचबाट टाढा रहेको समाजका लागि पनि यस्ता सञ्चार विधिहरुको प्रयोग हुने देखियो ।

नेपाली समाजका प्रयोगमा रहेका कैयौं परम्परागत सञ्चार विधिहरु मध्येको कटवाल सञ्चार विधिको प्रयोगका बारेमा अध्ययन गर्ने क्रममा उक्त सञ्चार विधिको परम्परागत अवस्थामा पनि परिवर्तन आएको पाइएको छ । विभिन्न ठाउँ र आवश्यकता अनुसार परम्परागत शैलीमा परिवर्तन गरी कटवाल सञ्चार विधिको प्रयोग हुने गरेका पाइयो । स्थानीय स्तरमा खबर सुनाउँदा आवाजमात्र प्रयोग गर्ने पुरानो शैलीको स्थानमा हाते माइक तथा आधुनिक ध्वनीवाधक यन्त्रहरु प्रयोगमा आउने गरेका छन् । नेपालमा भौगोलिक तथा भू-सांस्कृतिक क्षेत्र अनुसार कटुवाल प्रथाका विभिन्न स्वरुप भए तापनि कटुवालेले सूचनाको सार्वजनिक गर्दा उच्च आवाजमा कराउने (घोक हाल्ने) विशेषता भने साझा रुपमा पाइयो । कटवाल सञ्चार विधि लगाएत समाजमा प्रयोगमा रहेका परम्परागत सञ्चार विधिहरुको इतिहास, विकासक्रम, महत्व, योगदान लगाएतका विषयहरुमा खोज अनुसन्धान गर्नु आवश्यक देखिन्छ । भविष्यमा यस्ता विषयहरुमा खोज तथा अनुसन्धान गर्न सकिने छ । यस कार्यबाट सञ्चार क्षेत्रको दायरा फराकिलो हुनेछ ।

वर्तमानमा विश्वका घट्नाको सूचना वा जानकारी प्राप्तीमा कुनै अवरोध छैन तर सामाजिक सोपान अनुसार सबै सूचनाहरु आवश्यक र ग्रहण नहुन पनि सक्छन् र आवश्यक भए पनि छुट्न सक्छन । यसरी सामाजिक स्वरुप र परिस्थिति अनुसार आधुनिक सञ्चार माध्यमहरुको पहुँचवाट टाँढा रहेका समुदायमा यी सञ्चार माध्यमहरुको प्रयोग उपयोगी र प्रभावकारी नै देखिएको छ । ग्रामीण समुदायमा त्यस्ता विधिहरुको प्रयोग घट्दो क्रममा रहेपनि महत्व भने कायमै छ ।

समाजमा प्रयोगमा रहेका कैयौँ परम्परागत सञ्चार विधिहरु ओझेलमा छन । सरकारको कुनै पनि सञ्चार नीति अन्तरगत सञ्चार विधिहरु परेका छैनन् । मिडिया सम्बन्धी राष्ट्रिय नीतिमा हरेक क्षेत्र(युवा, महिला तथा बाल बालिका क्षेत्र, शिक्षा क्षेत्र, उद्योग क्षेत्र, कृषि क्षेत्र, पर्यटन क्षेत्र, स्वास्थ्य, पर्यटन आदि) मा सूचना तथा सञ्चार प्रविधिको पहुँच बढाउने कुरा समावेश भएको छ तर सूचना तथा सञ्चारमा सर्वसाधारणको पहुँच हुनुपर्ने विषय गौण छ । त्यसकारण यस्ता सञ्चार विधिहरु पनि आवश्यकता अनुसार प्रयोगमा ल्याउन सकिन्छ र सूचना तथा सञ्चारमा सर्वसाधारणको पहुँच हुन्छ ।

## ५.२ सुझाव

“नेपालमा कटवाल सञ्चार विधिको प्रयोग : डोटी जिल्लाको एक अध्ययन” विषयक अध्ययनपछि नीतिगत सवाल, आर्थिक पाटो र कटवाल सञ्चार विधिको प्रयोग गरी सर्वसाधारणको सञ्चार तथा सूचनामा पहुँचको विषयमा निम्न सुझाव प्रस्तुत गरिएको छ :

- विद्यमान राष्ट्रिय सञ्चार नीतिमा सूचना तथा सञ्चारमा आमजनताको पहुँचका लागि आधुनिक सञ्चार माध्यमहरुका साथै परम्परागत सञ्चार विधिहरुलाई पनि समावेश गर्न सकिने ।

- प्रयोगमा रहेका कैयौँ परम्परागत सञ्चार विधिहरुको आवश्यकताको अध्ययन गरी आवश्यकता अनुसार प्रयोगमा ल्याउन सक्ने विषयलाई दीर्घकालिन नीति अर्न्तगत समावेश गर्नुपर्ने ।

- सर्वसाधारणको आधुनिक मडियामा पहुँच कम भएको हुँदा विभिन्न कारण (आर्थिक, शैक्षिक, सामाजिक) ले सूचनाको पहुँचबाट टाढा रहेका समुदायका मानिसहरुलाई सोही समुदायमा प्रयोगमा रहेका सञ्चार विधिहरुको प्रयोगको नीतिगत व्यवस्था गर्न आवश्यक छ । यसले सर्वसाधारणको सूचनामा पहुँच बढ्नेछ ।

- समाजमा प्रयोगमा रहेका विभिन्न परम्परागत सञ्चारका विभिन्न पाटाहरुका वारेमा खोज तथा अनुसन्धान हुन बाँकी छ । ती सञ्चार माध्यमको ऐतिहासिक पृष्ठभूमि, विकासक्रम, महत्व, योगदान, आर्थिक पक्ष आदि विषयहरुमा खोज तथा अनुसन्धान गरी सञ्चार क्षेत्रको दायरा फराकिलो पार्न सकिनेछ ।

- समाजमा चल्दै आएका सञ्चार विधिमार्फत पिछाडिएका क्षेत्र, वर्ग, लिङ्ग वा जाति, समुदायलाई लक्षित गर्दै सूचना प्रसारित गर्न सकिने भएकाले सहयोग र आवश्यकताको सिद्धान्त अनुसार भवष्यिमा पनि प्रयोगमा ल्याउन सकिनेछ ।

**सन्दर्भ सामग्री**


अधिकारी, निर्मलमणी । (२०६३) । *सञ्चार सोध र मिडिया पर्यवेक्षण* । शान्ति पुस्तक भण्डार ।

आचार्य, भानुभक्त । (२०७३) । *आमसञ्चार र पत्रकारिता अध्ययन* । निमा पुस्तक प्रकाशन ।

आचार्य, भानुभक्त र लुईटेल, घमराज । (२०६९) । *नेपाली पत्रकारिता,* । प्रधान बुक हाउस ।

उप्रेती, टंक । (२०७३) । *सञ्चार अनुसन्धान पद्धति र अभ्यास* । साझा प्रकाशन ।

ओझा, देवीप्रसाद । (२०६०) । *सुदूरपश्चिममा पत्रकारिता* । मार्टिन चौतारी र सामाजिक तथा अनुसन्धान केन्द्र ।

कटवाल सञ्चारको विशिष्टता (सम्पादकीय) । (२०७८) । गोरखापत्र दैनिक । https://beta.gorkhapatraonline.com/open/2022-01-30-56476

कसजु, विनयकुमार । (२०६३) । *ग्रामीण पत्रकारिता अहिलेको सन्दर्भमा* । मिडिया अध्ययन-१, पृ.५-६।

खनाल, श्रीराम । (२०६१) । *प्रयोगात्मक पत्रकारिता काठमाडौं* (तृतीय संस्करण) । विद्यार्थी प्रकाशन प्रा.ली.।

चालिसे, विजय । (२०६४) । *आमसञ्चारका सिद्धान्त* । साझा प्रकाशन ।

पाढी, महेन्द्र कुमार र स्वतन्त्र प्रकाश । (२०१७) । *विकास सहायक सञ्चार एक सामाजिक दृष्टिकोण* । अनलाईन गाथा ।

थापा, शंकर । (२०७५) । *डोटी जिल्लामा छापा पत्रकारिताको ऐतिहासिक विकासक्रम* । सोध पत्र ।

दिपायल सिलगढी नगरपालिका डोटीको प्रोफाइल । (२०७५) । श्रेष्ठ अफसेट प्रेश डोटी ।

नेपाल सरकार न्यूनतम पारिश्रमिक निर्धारण समिति । (२०७०) । श्रमजीवी पत्रकार पारिश्रमिक अध्ययन प्रतिवेदन । नेपाल सरकार न्यूनतम पारिश्रमिक निर्धारण समिति ।

नेपाल सरकार, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण । (२०७९) । *नेपाल भूकम्प प्रतिकार्य : डोटी स्थिति रिपोर्ट* । https://bipad.gov.np/uploads/publication_pdf /sitrep-nepali-doti.pdf.

निर्मलमणि अधिकारी । कटुवाल प्रथाको नेपाली विशेषताबारे संक्षिप्त लेखोट । (२०२०) । कटुवाल प्रथाको नेपाली विशेषताबारे संक्षिप्त लेखोट | Nirmala Mani Adhikary (Ayod Dhaumya) (wordpress.com)

पश्चिमाञ्चल विकास क्षेत्र । (२०३१) । *मेचिदेखि महाकाली भाग-३* । श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग ।

पाँडे, भिमबहादुर । (२०४२) । *त्यस बखतको नेपाल भाग ५* । साझा प्रकाशन ।

पाँडे, भिमबहादुर । (२०७६) । *त्यस बखतको नेपाल भाग १* (पाचौ संस्करण) । फिनिक्स वुक्स ।

राई, लालदेउसा । (२०५९) । *पत्रकारिता* । जनक शिक्षा सामग्री केन्द्र लि. ।

स्वामी, प्रपन्नाचार्य । (२०६४) । *वेदमा के छ ?* : सातौ संस्करण । साझा प्रकाशन ।

सरदाना, चन्द्रकान्त र मेहता । (२००९) । *जनसंचार कल, आज और कल* । प्रभात प्रकाशन

सरताज, वानो । (२००३) । *सञ्चार माध्यम कल और आज* । के के पव्लिकेशन ।

सिंह, डिलबहादुर । २०७६ । *कटुवाल दिदी* : गोरखापत्र दैनिक ।

सुवेदी, राजाराम । (१९९७) । *बाइसी राज्यको ऐतिहासिक रुपरेखा*। नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

श्रीमती बज्रचार्य, शान्तिप्रभा । (१९८६) । *कटुवाल घोक्ने* । जोशी रिशर्च ईन्सिच्युट ।

Baral, Uma Nath. (2010). *The Magars in Politics (A Case study Of Palpa, Kaski And Myagdi Districts).* Faculty of Political Science.

Chapke, Rajendra (2006). *TRADITIONAL FOLK MEDIA: A POTENTIALLY EFFECTIVE COMMUNICATION TOOL IN RURAL AREA.* https://www.researchgate.net/publication/280083486_Traditional_Folk_Media_A_Potentially_Effective_Communication_Tool_in_Rural_Area

Frank, Ugboajah. (1982). "*Oramedia" or Traditional Media as Effective Communication Options for Rural Development in Africa.* Nomos.

Government of Nepal, Office of the Prime Minister & Council of Ministers, National Statistics Office National Population and Housing Census. 2021. National Repor https://censusnepal.cbs.gov.np/results/downloads/national

Kashyap, V. N.(2021). *The Winning Deal*. Becomeshakeaspeare.com.

McQuail, Denis (1994). *Mass Communication Theory An Introduction.* SAGE Publications.

McLuhan, Marshall (2003). *Understanding Media*. Gingko Press.

McLuhan, Marshall (1964). *Understanding Media*. the Extension of Man.New York McGraw Hills.

Narula, Uma (2006). *Dynamics Of Mass Communication Theory And Practice*. Atlantic Publishers & Distributors (P) Limited.

Pant, Laxman Datt (2005). *Mass Communication & Journalism.* Vidyarthi Prakashan (p) Ltd.

World Health Organization. (2020). Novel Coronavirus (2019-nCoV) . SITUATION REPORT-1.https://www.who.int/docs/default-source/coronaviruse/situation-reports/20200121-sitrep-1-2019-ncov.pdf

**अनुसूची-१**

**अन्तर्वार्तामा सहभागी गरिएका व्यक्तिहरुको सूची**

विस्ना आउजी  (२०७७) कटुवाल्नी दि.सि.न.पा. वडा नं. ८, अन्तर्वार्ता ।

केशर सिं कठायत (२०७७) दि.सि.न.पा. वडा नं. २, अन्तर्वार्ता  ।

अंक बहादुर खडका (२०७७) राजनीति कर्मी/समाज सेवी पूर्वीचौकी गा.पा.वडा नं. १, अन्तर्वार्ता ।

देव बहादुर खडका (२०७७)    अन्तर्वार्ता पूर्वीचौकी गा.पा. वडा नं. ४, अन्तर्वार्ता  ।

तेजबहादुर खडका । (२०७७) । खरिदार, जिल्ला प्रशासन कार्यालय डोटी, पत्रपत्रिका तथा संघ संस्था दर्ता शाखा, अन्तर्वार्ता ।

अम्मर बहादुर चयडा (२०७७)  वडाअध्यक्ष पूर्वीचौकी गा.पा. वडा नं. ३, अन्तर्वार्ता  ।

काले दमाई र भिमा ढोली (२०७७) दि.सि.न.पा वडा नं. ९, अन्तर्वार्ता  ।

वजिर दमाई र धामी केशव (२०७७) अन्तर्वार्ता पूर्वीचौकी गा.पा. वडा नं. ३, अन्तर्वार्ता  ।

अर्जुन देउवा (२०७७) प्राध्यापक डोटी बहुमुखी क्याम्पस डोटी ।

कर्ण द्वारीया (२०७७) दि.सि.न.पा. वडा नं. ३, अन्तर्वार्ता  ।

पदम बहादुर धानुक (२०७७) वडाध्यक्ष पूर्वीचौकी गा.पा. वडा नं. ५, अन्तर्वार्ता  ।

नन्दकुमार आले (२०७७) पूर्वीचौकी गा.पा. वडा नं. ५, अन्तर्वार्ता  ।

कर्ण बहादुर बिष्ट (२०७७) वडाअध्यक्ष, दि.सि.न.पा. वडा नं. ७, अन्तर्वार्ता  ।

मदन भण्डारी (२०७७) वडाअध्यक्ष  दि.सि.न.पा. वडा नं. ५, अन्तर्वार्ता ।

धन बहादुर मल्ल । २०७७ । सगरमाथा सम्बाद समिति, पूर्व डोटी सम्वाददाता, अन्तर्वार्ता  ।

गोरख बहादुर साउद (२०७७) स्थानीय वासिन्दा दि.सि.न.पा. वडा नं. ९, अन्तर्वार्ता ।

## अनुसूची-२

पूर्वाञ्चल विश्वविद्यालय अन्तरगत स्नातकोत्तर तह आमसञ्चार र पत्रकारिता विषयको चौथो सेमेस्टर अन्तरगतको **"नेपालमा कटवाल सञ्चार विधिको प्रयोग : डोटी जिल्लाको एक अध्ययन"** विषयमा शोधपत्र लेखन कार्यको लागि तयार गरिएको सर्वेक्षण प्रश्नावली ।

**'सर्वेक्षण प्रश्नावली'**

**व्यक्तिगत भेटघाटका लागि प्रश्नावली**

भेट गरेको ब्यक्तिको नाम :..........................................,

ठेगाना :............................................................ पेशा:...........................

शिक्षा.............

१ कटवालका बारेमा सुन्नु भएको छ ?

क) सुनेको छु । ख) सुनेको छैन ।

२ यदि सुनेको छ भने कुन माध्यमबाट सुन्नु भयो ?

क) रेडियो ख) टि.भी. ग) पत्रपत्रिका घ) अन्य (खुलाउने) :....................

३ सुन्नुभएको छ भने कटवाल भनेको के हो ?

..........................................................................................................

४ कटवालको मुख्य उद्देश्य के हो ?

..............................................................................................................

५ हाम्रो समाजमा यो सञ्चार विधि कहिलेबाट सुरु भयो यस बारेमा तपाइलाई जानकारी छ ?

क) जानकारी छ । ख) जानकारी छैन ।

६ यदि छ भने यो सञ्चार विधि कहिले प्रयोगमा आएको थियो ?

...................................................................

७ वि.सं. २०४७ साल पूर्व र त्यस पछिको कटवाल सञ्चार विधिका बारेमा के अन्तर पाउनु भएको छ ?

.............................................................................................................

८ तपाईको समुदायमा हाल यो सञ्चार विधि कायम छ वा छैन ?

क) छ ख) छैन ।

यदि यो सञ्चार विधि कायम छ भने ।

९ तपाइको समुदायमा यो कार्य कसले गर्छ ?

.......................................................................................

१० कटवालको स्वरुप कस्तो छ अर्थात कटवालमा के के गरिन्छ ?

.............................................................................................

११ यो कार्य गरे वापत व्यक्तिले पारिश्रमिक पाउँछन् वा पाउँदैनन् ?

क) पाउँछन् ख) पाउँदैनन्

१२ यो सञ्चार विधिबाट समुदायलाई के फाइदा भएको छ ?

..........................................................................................................

१३ यो सञ्चार विधिले समाजमा के-कस्तो योगदान पुऱ्याएको छ ?

.........................................................................................................................

यदि यो सञ्चार विधि समाजमा कायम छैन भने ।

१४ के यो सञ्चार विधि गत विगतमा समाजमा प्रचलनमा रहेको थियो ?

क) थियो ख) थिएन

१५ यदि थियो भने यो सञ्चार विधि हाल हट्नुको कारण के होला ?

१६ यस बिषयमा तपाईंको थप केही भन्नुपर्ने छ ?

## अनुसूची-३

## अध्ययन क्षेत्रको नक्सा

चित्र २ दिपायल सिलगढी नगरपालिकाको नक्सा




चित्र ३ पूर्वीचौकी गाउँपालिकाको नक्सा

